मोफसलको सर्वाधिक लोकप्रिय राष्ट्रिय दैनिक

# पूर्वाञ्चल

Purwanchal National Daily

श्रीअन्तु प्रकाशन (प्रा.)लि.

◆ वर्ष : ३१ ◆ अङ्क : १२७ ◆ पृष्ठ ४ ◆ बिर्तामोड ◆ वि.सं. २०८२ चैत १२ गते विहीबार (Thursday, 26 March. 2026) नेपाल सम्वत् ११४६ Web : www .purwanchaldaily.com ◆ मूल्य रु. : ५/- भारतमा भारु. : ४/-

## यौनधन्दा गर्ने २० विदेशी महिला पक्राउ

**काठमाडौँ, चैत ११।** ठमेल घुम्न आउने स्वदेशी तथा बिदेशी पर्यटकलाई सार्वजनिक स्थानमा पैसा बार्गेनिङ गरी यौनधन्दा सञ्चालन गर्ने २० विदेशी महिला पक्राउ परेका छन् ।

काठमाडौँ महानगरपालिका-२६ ठमेल फायरचोकस्थित सार्वजनिक सडक-खण्डबाट प्रहरीले ती महिलालाई पक्राउ गरेको हो । पक्राउ परेका सबै महिला युगाण्डाका हुन् । प्रहरीले बुधवार उनीहरुलाई सार्वजनिक गरेको छ । उनीहरुले विदेशी तथा स्वदेशी

*(बाँकी अन्तिम पृष्ठमा)*

# ठगी धन्दा बढ्यो

■ ५१ नेपालीको कम्बोडियाबाट उद्धार

■ वैदेशिक रोजगारीमा पठाइदिन्छु भन्दै ठगी गर्ने चार जना पक्राउ

**काठमाडौँ, चैत ११।** विभिन्न व्यक्तिहरुको प्रलोभनमा परी विभिन्न माध्यमबाट कम्बोडिया पुगेका र त्यहाँ अवैधरूपमा सञ्चालन गरिएका अनलाइन स्क्यामिङ केन्द्रहरू र क्यासिनोहरूमा अनलाइन ठगीमा परेका ५१ नेपालीको उद्धार गरिएको छ ।

अनलाइन ठगीका साथै विभिन्न गैरकानूनी काममा लगाइएका साथै कम्बोडियामा बिना राहदानी बसिरहेका उनीहरुलाई थाइल्याण्डस्थित नेपाली दूतावासको पहल र कम्बोडिया सरकारको सहयोगमा उद्धार गरी गैरआवासीय नेपाली संघ, कम्बोडियाको सहजीकरणमा नेपाल फर्काइएको हो ।

यसैगरी अलपत्र परेका वा कठिन परिस्थितीमा रहेका अन्य नेपालीलाई समेत नेपाल फर्काउने पहल भइरहेको दूतावासले जनाएको छ । कम्बोडियामा नेपालीलाई अनलाइन ठगीलगायत गैरकानूनी काममा लगाइएको र बिना राहदानी वा राहदानी-अवधिभन्दा बढी समय बसिरहेको जानकारी प्राप्त भएको दूतावासले जनाएको छ ।

कम्बोडियामा अवैध रुपमा बसिरहेका नेपाली नागरिकलाई नेपाल फर्कन सहजीकरणका लागि नेपाली राजदूतावास बैंकक वा गैर-आवासीय नेपाली संघ कम्बोडियाका प्रतिनिधिलाई सम्पर्क गर्न अनुरोध गरिएको छ । स्क्यामिङ केन्द्रहरूमा काम लगाइएकाको राहदानी कम्पनीले जफत गर्ने गरेको वा स्क्यामिङ केन्द्रहरूबाट ट्रान्सफर हुँदा राहदानी हराएको भनी गुनासो आएको छ । त्यस्तो अवस्थामा नेपाल फर्किनलाई नेपाली




राजदूतावास बैंककले बिना शुल्क एकतर्फी यात्रा अनुमति-पत्र जारी गरिदिने गरेको जनाएको छ ।

कम्बोडियाको पर्यटन सम्बन्धी तथ्याङ्क अनुसार पछिल्लो समय सन् २०२१मा १०१ नेपालीहरु भ्रमण भिसामा कम्बोडिया गएकामा सन् २०२२ मा एक हजार ९७७ जना, सन् २०२३मा दुई ९४० जना, सन् २०२४मा छ हजार ४०४ जना तथा सन् २०२५मा नौ हजार ६७६ नेपालीहरु कम्बोडिया गएको देखिन्छ ।

नेपाल सरकारले तोकेका मापदण्ड बमोजिम श्रम स्वीकृति लिएर मात्र वैदेशिक रोजगारीमा जान तथा कसैको प्रलोभनमा परी छिटो र धेरै पैसा कमाउने लोभमा कम्बोडिया, लाओस, म्यानमार थाइल्याण्डलगायतका मुलुकहरूमा भ्रमणको बहाना गरी वैदेशिक रोजगारीमा नआउनका लागि राजदूतावासले अनुरोध गरेको छ ।

यसैबीच वैदेशिक रोजगारीमा आकर्षक तलबको प्रलोभनमा पारी विभिन्न देश पठाइदिन्छु भन्दै रकम ठगी गरेको अभियोगमा चार जनालाई प्रहरीले पक्राउ

*(बाँकी अन्तिम पृष्ठमा)*

## नक्कली सुन देखाएर १४ लाख ठगी

**काठमाडौँ, चैत ११।** सुनको बिस्कुट भन्दै नक्कली धातु देखाएर १४ लाख रुपैयाँ ठगी गर्ने एक व्यक्तिलाई प्रहरीले काठमाडौंको टोखाबाट पक्राउ गरेको छ ।

जिल्ला प्रहरी परिसर काठमाडौँका अनुसार सिन्धुली जिल्ला हरिहरपुरगढी गाउँपालिका-७ घर भएका ३८ वर्षीय विजय लामा मोक्तान भन्ने धनवीर वाइबालाई प्रहरीले नियन्त्रणमा लिएको हो । वाइबाले सुनको बिस्कुट आकारको पहेँलो धातु देखाई आफूसँग बिल नभएको र रकमको निकै खाँचो परेको भन्दै पीडितलाई ललाइफकाइ गरेका थिए । उनले उक्त धातु सक्कली सुन भएको विश्वास दिलाएर पीडितबाट नगद १४ लाख रुपैयाँ ठगी गरेको उजुरी परेपछि प्रहरीले अनुसन्धान र खोजतलास

*(बाँकी अन्तिम पृष्ठमा)*



**भाँचियो निर्माणाधीन पुल** पुष्पलाल (मध्यपहाडी) राजमार्ग अन्तर्गत पाँचथरको याङ्वरक गाउँपालिका-२ स्थित मेवा खोलाको दोभानेमा मंगलवाररराति भाँचिएको निर्माणाधीन पुल । बाढीले पुलको टेका र फर्मा राखिएको जमिनको सतह बगाएपछि निर्माण सम्पन्न हुन लागेको पुल भाँचिएको हो । ४० मिटर लामो पुल रु. सात करोड ७६ लाखको लागतमा निर्माण भइरहेको थियो । तस्वीरः रासस

## सफारी चढेकी किशोरी बलात्कृत

**विराटनगर, चैत ११।** आफ्नै सिटी सफारी (ई-रिक्सा) चढेकी किशोरीलाई अपहरण गरी बलात्कार गरेको आरोपमा सुनसरीमा एक जना चालक पक्राउ परेका छन् ।

प्रहरीले रामधुनी नगरपालिकाका रोशनबहादुर विश्वकर्मालाई पक्राउ गरेको हो । किशोरीको किटानी जाहेरीमा आरोपितले धरानस्थित साकेला पार्क नजिकको जंगलमा लगेर हात बाँधेर कुटपिट गर्नुका साथै जबर्जस्ती करणी गरी मोबाइल लुटेर लगेको उल्लेख छ । इलाका प्रहरी कार्यालय धरानका अनुसार चैत ६ गते साँझ १९ वर्षीया ती युवती सफारीमा चढेपछि अपहरणमा परेकी हुन् । उनलाई विश्वकर्माले गलत बाटोबाट जंगल लगेर बलात्कार र लुटपाट गरेको पाइएको प्रहरीले जनाएको छ । ती किशोरी मोरङको सुन्दरहरैँचा नगरपालिका-७ गोठगाउँस्थित मावली घरबाट कपडा लिन धरानस्थित घर आएकी थिइन् । फर्किने क्रममा भोटेपुल क्षेत्रमा बसको प्रतीक्षा गरिरहेका बेला सफारी चालकले इटहरी लगिदिने भनेर उनलाई चढाएको बताइएको छ ।

प्रहरीका अनुसार चालकले किशोरीलाई एकान्तमा लगेर कुटपिट गरी अचेत बनाएका थिए । इप्रका धरानका डीएसपी भीषणबाबु राईले घटनाबारे थप

*(बाँकी अन्तिम पृष्ठमा)*

**वेमौसमी बर्षाको असर**

## एक करोडभन्दा बढी काँचो इँटामा क्षति

**पार्थ मण्डल**

**झापा, चैत ११।** पटक-पटकको बेमौसमी वर्षाले झापामा एक करोडभन्दा बढी काँचो इँटामा क्षति पुऱ्याएको छ । उद्योगलाई प्रतिगोटा काँचो इँटा उत्पादन गर्न ५ रुपैयाँसम्म खर्च लाग्ने गरेकोले जिल्लामा करोडौँ रुपैयाँ बराबरको क्षति भएको झापा इँटा उद्योग संघका सचिव विष्णु घिमिरेले जानकारी दिए ।

जिल्लामा २४ वटा इँटा उद्योग सञ्चालनमा रहेका छन् । निरन्तरको हावाहुरी, असिनासहितको वर्षाले एउटा उद्योगमा कम्तीमा ३ लाखदेखि बढीमा १२ लाखसम्म काँचो इँटामा क्षति पुगेको सचिव घिमिरेले बताए ।

कचनकवलस्थित चण्डी इँटा उद्योगका सञ्चालक समेत रहेका घिमिरेले भने- 'जमिनमा बनाइ राखिएको करिब ३ लाख इँटा वर्षाको पानीले नष्ट गरिदिएको छ ।' एउटा काँचो इँटा तयार गर्दासम्म एक रुपैयाँ डिजेलमा, दुई रुपैयाँ माटोमा, एक रुपैयाँ ज्यालामा र एक रुपैयाँ ओभरहेड गरी पाँच रुपैयाँसम्म खर्च हुन्छ । इँटालाई पकाउँदै गरेको चिम्नी भट्टामा पनि खर्च बढ्छ । 'आगोको तापक्रमलाई पानीले घटाउँदा कोइलाको खपत बढेर जान्छ, जसले खर्च पनि बढाउँछ'- उनले भने ।

सरकारले पुस मसान्तपछि मात्र इँटा पोल्न पाउने कानूनी नीति बनाएको छ । सरकारको यस्तो नीतिले समस्या झेलिरहेका उद्योगीलाई बेमौसमी वर्षाले पनि थप नोक्सान पुऱ्याउँदा एउटा उद्योगमा वार्षिक उत्पादनको ३० देखि ४० प्रतिशतसम्म उत्पादन घटेर जाने सम्भावना रहेको उनले बताए ।

बिमा कम्पनीहरूले अरू सबै उद्योग तथा कलकारखानाहरूको बिमा गर्छ । तर, इँटा उद्योगको बिमा गर्दैन । बिमा गर्न नपाउँदा इँटा उद्योगीहरूले सुरक्षित र भरपर्दो रूपमा व्यवसाय सञ्चालन गर्न नसकेको उनको भनाइ छ ।



फागुन २८ गतेदेखि हालसम्म पटक-पटक परिरहेको हावाहुरीसहितको वर्षाले हल्दिबारीका इँटा उद्योगहरूमा बढी क्षति पुऱ्याएको कोशी इँटा उद्योग संघका प्रदेश सचिव जर्नादन न्यौपानेले बताए । हल्दिबारीका प्रतीक इँटा उद्योगका सञ्चालक समेत रहेका न्यौपानेको उद्योग

*(बाँकी अन्तिम पृष्ठमा)*

## झापा गापामा १० शैय्याको अस्पताल

**झापा, चैत ११।** झापा गाउँपालिकामा १० शैयाको आधारभूत अस्पतालको विधिवत् उद्घाटन भएको छ । समारोहमा प्रमुख अतिथि गाउँपालिका कार्यवाहक अध्यक्ष अञ्जुदेवी थपलियाले बुधबार अस्पतालको उद्घाटन गरेकी थिइन् ।

स्थानीय समाजसेवी स्व. तारानिधि तिवारी र उनकी धर्मपत्नी बिशेश्वरी तिवारीले अस्पताल निर्माणको लागि एक बिगाहा एक कट्ठा १५.५ धुर जग्गा निःशुल्क प्रदान गरेको स्थानमा ७ करोड रुपैयाँको लागतमा निर्माण सम्पन्न भएको कार्यवाहक अध्यक्ष थपलियाले जानकारी दिइन् । उद्घाटनको अवसरमा जग्गादाता दानवीर र आधारभूत अस्पताल जग्गा व्यवस्थापन समितिका पदाधिकारी जयनारायण साह लगायतलाई कदर-पत्रसहित सम्मान गरिएको थियो ।



उद्घाटन कार्यक्रममा गाउँपालिका कार्यपालिका कावा अध्यक्ष थपलिया, गाउँपालिका निर्वाचित अध्यक्ष साह, प्रमुख प्रशासकीय अधिकृत जनार्दन निरौला, वडा नं. ७का वडाध्यक्ष सखीचन्द्र ठाकुर, वडा नं. १का वडाध्यक्ष राजकुमार यादव र स्थानीय समाजसेवी लक्ष्मी उप्रेती, टङ्क विश्वकर्मालगायतका अतिथिहरूले अस्पतालको सञ्चालनपछि स्थानीय समुदायलाई प्राप्त हुने सुविधाबारे धारणा राखेका थिए ।

अस्पताल सञ्चालन सँगै झापा गाउँपालिकामा स्वास्थ्य बीमा कार्यक्रमसमेत लागू गरिएको छ, जसले सेवाग्रहीहरूलाई स्वास्थ्य सेवाको पहुँच अझ सहज बनाएको छ । यस कार्यक्रममा एक डाक्टरसहित १४ जना स्वास्थ्य कर्मचारीहरूले सेवा प्रदान गर्दै आएका र अस्पताललाई अझ व्यवस्थित र सुविधासम्पन्न बनाउन पालिकाले कुनै पनि कसर नछोड्ने प्रमुख प्रशासकीय

*(बाँकी अन्तिम पृष्ठमा)*

## इलाम गोल्डकपको तेस्रो संस्करण वैशाख ५देखि

**इलाम, चैत ११।** इलाम गोल्डकपको तेस्रो संस्करण आगामी २०८३ वैशाख ५ गतेदेखि हुने भएको छ । १२ गतेसम्म सञ्चालन हुने प्रतियोगिता इलामको ठूलो टुडीखेल मैदानमा सञ्चालन हुने गरेको छ ।

प्रतियोगितामा नेपालका शीर्ष 'ए डिभिजन' क्लबहरूको सहभागिता हुने रेडहर्ष फुटबल क्लबका उपाध्यक्ष प्रीतम लिम्बूले जानकारी दिए । उनका अनुसार डिफेन्डिङ च्याम्पियन न्यूरोड टिम (एनआरटी) सहित मच्छिन्द्र फुटबल क्लब, त्रिभुवन आर्मी क्लब र चित्लाङ एफसी प्रतियोगितामा सहभागी हुने जनाइएको छ ।

प्रतियोगितामा भारतका दुई टिम, आयोजक रेडहर्स फुटबल क्लब र झापाबाट एक टिमसहित कूल ८ टिमको सहभागिता हुने बताइएको छ ।

प्रतियोगिताको विजेता टिमलाई नगद १० लाख रुपैयाँ प्रदान गरिने छ । उपबिजेता टिमलाई नगद ५ लाख रुपैयाँ पुरस्कार प्रदान गरिने क्लबका महासचिव प्रकाश घिमिरेले जानकारी दिए । ०८२ सालमा सञ्चालन गर्न नसकिएको प्रतियोगिताको तयारी अगाडि बढाइएको आयोजकले जनाएको छ ।

Advance Pathology Lab

विश्वसनीय स्वास्थ्य परीक्षणको लागि तपाईंको आफ्नै ल्याब
हामीकहाँ आधुनिक प्रविधिबाट सुसज्जित प्रयोगशाला, अनुभवी प्राविधिक र छिटो तथा भरपर्दो रिपोर्टको व्यवस्था छ।

तपाईंको स्वास्थ्य, हाम्रो जिम्मेवारी।

- छिटो र भरपर्दो रिपोर्ट
- आधुनिक मेसिन र अनुभवी टेक्निसियन
- सबै प्रकारका रगत तथा पिसाब परीक्षण
- उचित शुल्कमा गुणस्तरीय सेवा

**Advance Pathology Lab**
ISO 15189 -2022 certified lab
Birtamode-1, Charpane, Jhapa
023-536070, 9817032003
Email:advancelab2010@gmail.com

TOWER TEMPLE SCHOOL
[+2 MANAGEMENT PROGRAMME]
(An English Medium School)
Birtamod – 5, Akkal Basti, Jhapa

VACANCY

We are looking for fresh energetic, qualified and dedicated candidates to join our academic team.

| Level | Post | Qualification |
|---|---|---|
| Secondary | Science | M.Sc./B.Sc [Physics] |
| Lower Secondary | Computer Science | B.C.A. |
| Primary | English | B.Ed./B.A. |
| Primary | Nepali | B.Ed./B.A. |
| Pre-Primary | Grade Teaching | +2 Minimum |
| A full time music teacher | | |

REQUIREMENTS
- **Having teaching experienceof atleast more than 2years in related field**
- **Basic computer skills**
- **Strong command in English**

*Submit your handwritten application along with CV at the school office between **10:00 AM – 12:00 Noon**.

*Deadline: **15th Chaitra, 2082**


* Only shortlisted candidates will be called for interview
* No phone calls will be entertained

**Principal**

झा.जि.द.क नं. ५३/०६६/०६७, झा.जि.प्र.का.द.नं. ४५/०५२/०५३ पूर्वाञ्चल दैनिक

# एलपी ग्यासको प्रयोग घटाउन विद्युतीय चुल्हो वितरण

**भद्रपुर, चैत ११।** भद्रपुर नगरपालिकाले स्वच्छ ऊर्जा प्रवर्द्धन गर्ने उद्देश्यसहित नगरभित्रका घरधुरीलाई विद्युतीय चुल्हो वितरण गरिरहेको छ ।




परम्परागत दाउरा तथा एलपी ग्यासको प्रयोग घटाउँदै वातावरणमैत्री र सुरक्षित विकल्पतर्फ नागरिकलाई आकर्षित गर्न विद्युतीय चुल्हो वितरण कार्यक्रमलाई अघि बढाइएको नगरपालिकाले जनाएको छ ।

भद्रपुर नगरपालिकाले हरित जलवायु कोष र वैकल्पिक ऊर्जा प्रवर्द्धन केन्द्रको सहकार्य तथा उपभोक्ता लागत सहभागितामा नगरका १० वटै वडामा विद्युतीय चुल्हो वितरण गर्न लागिएको हो । नगरपालिकाले चैत ५ गते वडा नम्बर १ कार्यालयबाट शुरु गरी हालसम्म ६ नम्बर वडा कार्यालयसम्म चुल्हो वितरण गरिसकेको छ । चैत १६ गतेसम्म एक हजार ४८६ घरधुरीलाई चुल्हो वितरण गरिने छ । प्रारम्भिक चरणमा आर्थिक अवस्था कमजोर भएका तथा प्राथमिकतामा परेका घरधुरीलाई विद्युतीय चुल्हो वितरण गरिँदैछ । नगरपालिकाले आगामी दिनमा थप घरधुरीसम्म कार्यक्रम विस्तार गर्ने तयारी समेत गरेको जनाइएको छ । गतमंसीर १ गते नगरपालिकाले सुधारिएको चुल्होका लागि सार्वजनिक सूचना नै आव्हान गरेका थिए ।

सोही सूचना अनुसार फारम भरेका उपभोक्ताहरूलाई अहिले चुल्हो वितरण गरिरहेको नगर प्रमुख गणेश पोखरेलले बताए । देशमा जलविद्युत् उत्पादन बढिरहेकोले परम्परागत दाउरा तथा एलपी ग्यासको प्रयोग घटाउन यसको प्रयोगमा नगरबासीलाई जोड्न खोजिएको नगर प्रमुख पोखरेलको भनाइ छ । मध्यपूर्वमा जारी इरान र इजरायल युद्धले अहिले एलपी ग्यास सिलिन्डर बजारमा अभाव भइरहेकोले यसलाई लक्षित गरी नगरपालिकाले विद्युतीय चुल्हो वितरण गरेको उनले बताए ।

विद्युतीय चुल्हो धुवाँरहीत खाना पकाउने वातावरण सिर्जना गर्ने, स्वास्थ्यमा सुधार ल्याउने, वातावरण संरक्षणमा टेवा पुऱ्याउने दाउरा तथा अन्य परम्परागत इन्धनको प्रयोग घटाउन मद्दत गर्ने नगरपालिका प्रमुख प्रशासकीय अधिकृत गोरखनाथ मिश्रले जानकारी दिए ।

# पेट्रोल छर्किएर शरीरमा आगा लगाउँदा...

**विराटनगर, चैत ११।** विराटनगरमा बुधबार बिहान एक जना महिलाले आफ्नै शरीरमा आगो लगाएकी छन् । पेट्रोल छर्किएर शरीरमा आगो लगाउँदा ती महिला घाइते भएकी छन् ।

आमाले शरीरमा लगाएको आगो निभाउने क्रममा छोरा पनि घाइते भएका छन् । आमा-छोराकै शरीरका केही भाग जलेको छ । घाइतेको विराटनगरस्थित नोबेल शिक्षण अस्पतालमा उपचार भइरहेको छ । बिराटनगर महानगरपालिका-१४ जतुवाकी अन्दाजी ४२ वर्षीया निर्मला खत्रीले शरीरमा पेट्रोल खन्याएर आफैंलाई आगो लगाएको मोरङ प्रहरीका सूचना अधिकारी डीएसपी लीलाराज लामिछानेले बताए ।

उनका अनुसार आगोले निर्मलाको अनुहार, छाती, हात गरेर शरीरको करिब १८ प्रतिशत भाग जलेको जानकारी अस्पतालले दिएको छ । निर्मलाले शरीरमा लगाएको आगो निभाउने क्रममा छोरा १९ वर्षीय धीरज खत्री पनि घाइते भएका छन् । धीरजको शरीरको ५ प्रतिशत भाग जलेको अस्पतालले जनाएको छ ।

अस्पतालका अनुसार दुवै जना घाइतेको अवस्था सामान्य छ । प्रहरीका अनुसार घटना बिहान १० बजेतिरको हो । घाइतेहरुले शुरुमा खाना पकाउने क्रममा घरभित्रै ग्यास सिलिन्डर विस्फोट भएको प्रहरीलाई बताउँदै घटना बंग्याउन खोजेका थिए ।

तर, प्रहरी घटनास्थलमा पुग्दा विस्फोटको कुनै पनि प्रमाण फेला परेन । 'पेट्रोल खन्याएर आफैंले शरीरमा आगो लगाएको घटना रहेछ । तर, शुरुमा ग्यास सिलिन्डर विस्फोट भएको भनेर प्रहरीलाई नै ढाँट्ने काम भयो ।

प्रहरीले घटनास्थलमा गएर हेर्दा बिस्फोट भएको हैन रहेछ । बिस्फोटको कुनै पनि प्रमाण फेला नपरेपछि थप सोधपुछ गर्ने क्रममा वास्तविक घटनाको बारेमा थाहा भयो'- डीएसपी लामिछानेले भने ।

उनका अनुसार सामान्य परिवारिक विवादका क्रममा निर्मलाले शरीरमा आगो लगाएको पाइएको छ । प्रहरीले घटनाको थप अनुसन्धान गरिरहेको छ ।

## सफारी ...

अनुसन्धान भइरहेको बताए । घटनास्थल आसपासका सीसीटीभी फुटेजको सूक्ष्म अध्ययन गरेको र फुटेजका आधारमा सवारीसाधनको पहिचान भएको उनको भनाइ छ ।

## एक करोडभन्दा ...

मात्रै करिब १२ लाख काँचो इँटामा क्षति पुगेको छ । हावाहुरीले मजदुर बस्ने क्वाटर घरदेखि कार्यालय भवनको टिनाहरु पनि उडाएर क्षति पुऱ्याएको पीडा सुनाउँदै सञ्चालक न्यौपानेले भने- 'फागुन २८ गते साँझदेखि अहिलेसम्म काँचो इँटा बनाउन सकिरहेका छैनौं ।

तयारी अवस्थामा रहेको काँचो इँटा कामै नलाग्ने गरी पानीले बगाएको छ । लगातार घाम लागेको २/३ दिनपछि मात्र काँचो इँटा बनाउन सकिन्छ । यसले उद्योगलाई ठूलो नोक्सान पुऱ्याएको छ ।'

इँटा उद्योगीको काल भनेकै बेमौसमी वर्षा हो । मजदुरहरूले भुइँमा काँचो इँटा बनाउनुपर्ने हुन्छ । त्यसलाई त्यही सुकाउनु पर्छ । सुकिसकेपछि मात्र त्यसलाई त्यहाँबाट उठाउन मिल्छ । 'त्यहीँ बेलामा आकाशे पानी परिदिन्छ र बनाइएको इँटा सबै नष्ट गरिदिन्छ'- उनले थपे । कचनकवलस्थित दुई वटा चिम्नी भएको एसबीआई इँटा उद्योगमा करिब १८ लाख काँचो इँटामा क्षति पुगेको छ ।

उद्योगका सञ्चालक अजिम आलमले दुई ठाउँमा गरी यस पटक १८ लाख इँटामा क्षति पुगेको बताए । यसले ठूलो नोक्सानी गरेको उनको भनाइ छ । त्यस्तै कचनकवलस्थित प्रेमजी इँटा उद्योगमा करिब ५ लाख काँचो इँटा क्षति भएको छ । 'वर्षाले काँचो इँटामा ठूलो क्षति गऱ्यो, मौसम सफा नहुँदा अहिलेसम्म काँचो इँटा बनाउन पाइरहेका छैनौं'- उद्योगका सञ्चालक नुर आलमले भने ।

प्रहरी अधिकारीको बयान

# प्रदर्शनकारी संसद् भवन छिरेपछि सेनाको टोली हतियारसहित बाटो लाग्यो

**काठमाडौं, चैत ११।** गतभदौ २३ र २४ गते भएको जेन-जी आन्दोलनपछि गठित पूर्वन्यायाधीश गौरीबहादुर कार्की नेतृत्वको जाँचबुझ आयोगको प्रतिवेदन बाहिरिएको छ ।



८९८ पृष्ठको प्रतिवेदनमा ती दुई दिन विभिन्न घटनास्थलमा तैनाथ नेपाल प्रहरी, नेपाली सेना र प्रदर्शनकारीहरूको विवरण समेटिएको छ । प्रतिवेदनमा संसद् भवन सुरक्षा जिम्मेवारी पाएको केन्द्रीय विशेष कार्यदल (एसटीएफ) कमाण्डर प्रहरी निरीक्षक समुन्नत अधिकारीको बयान पनि सामेल छ ।

उनले बयानमा भदौ २३ गते माइतीघर मण्डलामा शान्तिपूर्ण प्रदर्शन शुरू भए पनि स्थिति हिंसात्मक बनाएर प्रदर्शनकारीले संसद् भवनमा प्रवेश गरी आगजनी र तोडफोड गर्न थालेका थिए । प्रहरी टोलीले अश्रुग्यास र हवाई फायर प्रयोग गरेर स्थिति नियन्त्रणमा राख्ने प्रयास गरेको बयान उनले दिएका छन् ।

अधिकारीले भदौ २४ गते भने स्थिति अझ जटिल भएको बयान दिएका छन् । संसद् भवनका हाइ-पोस्टहरू पहिले नै क्षतिग्रस्त भएपछि एसटीएफ टोलीभित्र खटिन नसकेको बयान उनले दिएका छन् । अर्कातिर आगजनी रोक्न आफ्नो टोलीले हतियार र साधन प्रयोग गरेर केही महत्वपूर्ण संरचना सुरक्षित राख्न सफल भएको उनले बताएका छन् ।

त्यतिबेला ४०,००० लिटर डिजेल ट्याङ्क, व्यारेक, मेस, क्यान्टिन, सीसीटीभी कक्ष, वाल्क-थ्रु गेट र सुरक्षाकर्मीको व्यक्तिगत सामान जलेर नष्ट भएको उनले बयान दिएका छन् ।

अधिकारीले बयानमा नेपाल प्रहरी, सशस्त्र प्रहरी र नेपाली सेनाबीच समन्वयमा समस्या भएको बताएका छन् । त्यसले आफूहरूको टोलीको मनोबलमा असर परेको पनि उनले उल्लेख गरेका छन् । उनले भविष्यमा एसटीएफलाई अझ प्रभावकारी बनाउन विशेष तालिम, प्राविधिक उपकरण, वास्तविक समय खतराको विश्लेषण र प्रत्येक प्रदेशमा स्याटेलाइट बेसको आवश्यकताबारे सुझाव दिएका छन् ।

प्रतिवेदनले देशको संवेदनशील संरचनाको सुरक्षा सुनिश्चित गर्न सेनाको भूमिका र सुरक्षा संयन्त्र सुधार आवश्यक रहेको औंल्याएको छ । अधिकारीले व्यक्तिगत क्षति र नष्ट भएको सम्पत्ति पुनर्स्थापना गर्ने राज्यबाट उचित पहलको अपेक्षा गरेका छन् ।

**अधिकारीको बयान**

म २०८१ चैत्रदेखि ९६ जना प्रहरी कर्मचारीसहित एसटीएफ टोलीको कमाण्डरका रूपमा संसद् भवनको सुरक्षा जिम्मेवारीमा छु । हामीलाई लिखित म्यान्डेट थिएन, तर भवनभित्रको सुरक्षा, सांसद्, कर्मचारी, पत्रकार र आगन्तुकहरूको प्रत्यक्ष सुरक्षा मुख्य जिम्मेवारी थियो । टोलीसँग ५.५६ मि.मि. इन्सास राइफल, एलएसडब्लु, ९ मि.मि. एसएमजी, टाइप ५४ पेस्तोल, पेट्रो बेरेटा र ग्याँस गन लगायत सामग्री थिए ।

**भदौ २३ गते के भयो ?**

प्रदर्शन माइतीघर मण्डलासम्म सीमित रहने अपेक्षा थियो । दिउँसो करिब १२:३५ बजेदेखि संसद् भवन वरिपरि हजारौं भीड हिंसात्मक बन्दै गयो ।

प्रदर्शनकारीहरूले रेलिङ-पर्खाल चढ्ने, तोडफोड गर्ने, ढुंगा प्रहार गर्ने, रड-गुलेली-बञ्चरोले आक्रमण गर्न थाले । मेरो निवास कोठामा पेट्रोल बम प्रहार भयो । हाई पोस्टमा खटिएका प्रहरीलाई हतियार खोस्न खोजेपछि पोष्ट खाली गरियो । स्थिति बिग्रिएपछि अपरेसनल कमाण्डबाट बल प्रयोगको आदेश लिएर ९५ सेल अश्रुग्याँस र हवाई फायर गरियो (इन्सासबाट १७६ राउण्ड, एसएमजीबाट २६ राउण्ड) ।

एसटीएफ टोलीबाट कुनै प्रत्यक्ष गोली प्रहार भएको छैन । प्रदर्शनकारीहरूको टाउको, घाँटी वा छातीमा गोली लागेको घटनाबारे मलाई जानकारी छैन । त्यो अन्य प्रहरी वा सशस्त्र प्रहरी टोलीबाट भएको हुन सक्छ । त्यसदिन मेरो दाहिने आँखामा ढुंगाको प्रहारबाट चोट लाग्यो, चश्मा फुट्यो र १२ जना प्रहरी घाइते भए ।

**भदौ २४ गते**

बिहानैदेखि थप आक्रमणको सूचना थियो । उपत्यकाभरि एकैसाथ आक्रमण भएकाले थप मद्दत आउन सकेन । हाई पोस्टहरू भत्काइएका थिए । दिउँसो १३:४५ तिर प्रहरीबाट लुटिएका हतियार बोकेको भीड संसद् भवनभित्र पस्यो र ४०,००० लिटर डिजेल ट्याङ्क, व्यारेक, मेस, कोत, क्यान्टिन, सीसीटीभी कक्ष, वाक-थ्रु गेट आदि जलाइयो ।

जोखिमपूर्ण अवस्थामा हामीले हतियार, गोली र सञ्चार सामग्री बोकेर नयाँ बानेश्वर वृत्तको टोलीसँग मर्ज भएर सुरक्षित स्थानतर्फ लाग्यौं । बाहिरिनुअघि डिजेल ट्याङ्कमा आगजनी रोक्न २ सेल अश्रुग्याँस, १ रबर कार्टिज र इन्सासबाट ३ राउण्ड हवाई फायर गरियो ।

संसद् भवनभित्र भएको भीषण आगजनी र तोडफोडबाट हाम्रा व्यारेक, मेस, क्यान्टिन, सीसीटीभी, कार्यालय, सवारी, व्यक्तिगत लत्ताकपडा, कागजात, हतियारका म्यागजिन, गोली, ग्यास सेल, बुलेटप्रुफ सामग्री सबै नष्ट भए ।

नेपाली सेना पहिलो दिन कर्फ्यूपछि खटिएको थियो । दोस्रो दिन रातिदेखि नै भित्र रहेको सेना प्रदर्शनकारी घुस्दा कुनै प्रतिक्रिया नदिई दिउँसो साढे २ बजेतिर हतियारसहित बाहिरिएको थियो । सशस्त्र प्रहरीले पनि उल्लेखनीय भूमिका खेल्न सकेन ।

**सुझाव**

एसटीएफलाई अझ प्रभावकारी बनाउन विशेष तालिम, विशेष भत्ता, प्राविधिक उपकरण, रियल-टाइम इन्टेलिजेन्स सेल र प्रत्येक प्रदेशमा स्याटेलाइट बेस आवश्यक छ । सम्पूर्ण व्यक्तिगत सामान नष्ट हुँदा टोलीको मनोबल निकै घटेको छ । राज्यबाट उचित क्षतिपूर्ति र मनोबल पुनर्स्थापनाको अपेक्षा छ ।

## ठगी ...

गरेको छ ।

पक्राउ पर्नेहरूमा काठमाडौं टोखा नगरपालिका-३ बस्ने कास्की रूपा गाउँपालिका-५ घर भएका ३६ वर्षीय बिकल पौडेल, काठमाडौं तारकेश्वर नगरपालिका-१६ बस्ने रूकुमपूर्व पुथा उत्तरगंगा गाउँपालिका-१२ घर भएका ४२ वर्षीय धनिराम बुढा, काठमाडौं टोखा नगरपालिका-१० बस्ने गुल्मी कालीगण्डकी गाउँपालिका-६ घर भएका ३७ वर्षीय काशिराम दर्जी र काठमाडौं टोखा नगरपालिका-८ बस्ने नुवाकोट शिवपुरी गाउँपालिका-५ घर भएकी २५ वर्षीया सरस्वती भण्डारी रहेका छन् ।

पक्राउमध्ये बिकलले क्यानडा पठाइदिन्छु भन्दै एक जनाबाट १० लाख रूपैयाँ, धनिरामले अमेरिका पठाइदिन्छु भन्दै एक जनाबाट १८ लाख रूपैयाँ, काशिरामले क्रोएशिया पठाइदिन्छु भन्दै ३ जनाबाट ३ लाख २० हजार रूपैयाँ र सरस्वतीले रोमानिया पठाइदिन्छु भन्दै १ जनाबाट १ लाख ४६ हजार रूपैयाँ लिई सम्पर्कविहीन भएको भन्ने उजुरी परेको थियो । उजुरीको आधारमा काठमाडौं उपत्यका अपराध अनुसन्धान कार्यालय टेकूबाट खटिएको प्रहरीले बिकललाई काठमाडौं महानगरपलिका-२८ बाट र धनिरामलाई काठमाडौं महानगरपालिका-६बाट सोमबार तथा काशिरामलाई काठमाडौं टोखा नगरपालिका-१० बाट र सरस्वतीलाई काठमाडौं महानगरपालिका-३बाट मंगलबार पक्राउ गरेको हो । उनीहरूलाई आवश्यक अनुसन्धान तथा कारवाहीको लागि वैदेशिक रोजगार विभाग ताहाचल काठमाडौं पठाइएको छ ।

## नक्कली ...

शुरु गरेको थियो ।

जिल्ला प्रहरी परिसर काठमाडौंबाट खटिएको टोलीले चैत ९ गते बेलुका करिब ७ बजे टोखा नगरपालिका-९ शिवमन्दिरस्थित एक होटलको कोठामा लुकेर बसेको अवस्थामा उनलाई फेला पारेको हो। खानतलासी गर्दा उनले झोला भित्र लुकाएर राखेको अवस्थामा ५४७.६९० ग्राम तौल भएको पहेँलो धातु बरामद भएको छ।

प्रहरीले वाइबाको साथबाट धातुसँगै एक थान बिल, चेकबुक, राहदानी, तीन थान मोबाइल, सुनको मुन्द्रा र नगद १ हजार २० रुपैयाँ समेत बरामद गरेको छ । पक्राउ परेका उनीमाथि थप अनुसन्धान गर्न काठमाडौं जिल्ला अदालतबाट ५ दिनको म्याद थप गरी प्रहरी वृत्त थानकोटले प्रक्रिया अगाडि बढाएको छ । प्रहरी उपरीक्षक पवनकुमार भट्टराईका अनुसार घटनाका विषयमा अन्य पक्षहरूको पनि खोजी र अनुसन्धान भइरहेको छ ।

## झापा ...

अधिकृत निरौलाले बताए ।

अस्पताल नेपाल सरकारको ७ करोड रुपैयाँको लागतमा निर्माण गरिएको हो र यो अस्पताल वडा नं. ३को कामाटोली बजार उत्तरमा स्थित छ । वडा नं. ३का वडाध्यक्ष सुभासलाल गणेशको अध्यक्षतामा सम्पन्न उद्घाटन समारोहको सहजीकरण स्वास्थ्य शाखा प्रमुख प्रेम न्यौपानेले गरेका थिए ।

## यौनधन्दा ...

पर्यटक, सर्वसाधारण पुरुषलाई अनावश्यक रूपमा बाटो छेकी अश्लील क्रियाकलापसम्बन्धी मोलमोलाइ गरी दुःख हैरानी दिएको प्रहरीले जनाएको छ ।

पक्राउ परेकालाई अभद्र व्यवहार गर्न नहुने कसुरमा जिल्ला प्रशासन कार्यालय काठमाडौंबाट १२ दिनको म्याद थप अनुमति लिई प्रहरी वृत्त लैनचौरबाट अनुसन्धान भइरहेको जिल्ला प्रहरी परिसर काठमाडौंका प्रवक्ता पवनकुमार भट्टराईले जानकारी दिए ।


# KGF संस्थाको अनुरोध

**किङ्ग गोरखा फाउण्डेशन** (KGF) संस्थाले २०८२ साल पुस २१ गतेबाट मानव कल्याणका लागि गरीव, निमुखा, अशक्त, असहाय व्यक्तिहरुलाई लक्षित गरी दैनिक निरन्तर रुपमा एक छाक खाना दाल, भात, तरकारी, अचार निःशुल्क खुवाउँदै आइरहेको यहाँहरुलाई जानकारी गराउन चाहन्छौं ।

अतः यस कार्यलाई निरन्तर अगाडि बढाउन हाल हाम्रो एकल प्रयासले पूरा नहुने भएको हुँदा यस अभियानमा सहभागी भई सहयोग गरिदिनुहुन आम सहयोगी मनहरुलाई हामी अनुरोध गर्दछौं । हामी आम समाजसेवी र दयालु मनहरुलाई आफ्नो जन्मदिन, पाटीभोज र फजुल खर्चहरुलाई कटौती गरी हाम्रो साझा अभियानलाई निरन्तर अगाडि बढ्ने सोचलाई सफल पारिदिनुहुन अपिल गर्दछौं ।

हाल हामी सिटी सेन्टर अगाडि प्रत्येक दिन खाना र अतिरिक्त शनिवारको दिन पाऊ पाथीभरा मन्दिर चारआली अगाडि र अतिथि सदन उत्तर शनि मन्दिर अगाडि खिर खुवाइरहेका छौं । यस अभियानलाई बुझ्न र सहयोग गर्नका लागि यस नम्बरको मोवाइलमा सम्पर्क गर्नहुनु अनुरोध गर्दछौं ।

**सम्पर्कः ९८१४९९७८८७, ९७६२९००००१**



# कर्मचारी आवश्यकता

**बिज्ञापन नं ०१/२०८२/०८३**

**प्रथमपटक प्रकाशित मिति २०८२ /१२/१२**

सतलोक बहुउदेस्यीय सहकारी संस्था लिमिटेड, हल्दिबारी-२ झापाको पदपूर्ति समितिको २१ औं बैठकको निर्णय बमोजिम तपशिलमा उल्लेखित सेवा केन्द्रहरुको लागि निम्न अनुसारको बजार अधिकृत (Marketing Officer) कर्मचारीहरुको आवश्यकता परेको हुँदा इच्छुक नेपाली नागरिकहरुबाट आबेदनका लागि यो सूचना प्रकाशित गरिएको छ ।

तपशिल

| क्र..सं | सेवा केन्द्र | पद | आवश्यकता संख्या |
|---|---|---|---|
| १. | बिर्तामोड सेवा केन्द्र | बजार अधिकृत | ३ जना |
| २. | हल्दिबारी सेवा केन्द्र | बजार अधिकृत | २ जना |
| ३. | धुलाबारी सेवा केन्द्र | बजार अधिकृत | ३ जना |
| ४. | सुरुङ्गा सेवा केन्द्र | बजार अधिकृत | २ जना |


१. न्यूनतम शैक्षिक योग्यता- एस.एल.सी/एस.ई.ई वा सो सरह ।
२. उमेर- १८ बर्ष पूरा भई ४० बर्ष ननाघेको ।
३. तलबसुबिधा- रु. १७५००/-
अन्य सुबिधाहरु- सामाजिक सुरक्षाकोष, ग्रेड, बिमा, प्रोत्सहान भत्ता आदि ।
**४. आवश्यक कागजातहरुः-**
क. हस्तालिखित निबेदन - १ प्रति
ख. नागरिकताको प्रमाण-पत्र प्रतिलिपि - १ प्रति
ग. शैक्षिक योग्यताको प्रतिलिपि- १ थान
घ. पासपोर्ट साइजको फोटो - २ प्रति
५. आबेदन शुल्कः-रु. ३००/-
फारम भर्ने अन्तिम मिति : २०८२ चैत ३० गते ।
बिर्तामोड सम्पर्क नं ०२३-५९००८७, ९८०१४४९७४१ ,९८०१४५७६८०,
हल्दिबारी सम्पर्क नं. : ९८०२३१३८२२ । धुलाबारी सम्पर्क न : ९८०२३१३८२३
सुरुङ्गा सम्पर्क नं. : ९८०२३१३८२४
नोटः स्थानीय, अनुभवी तथा दुई पाङ्ग्रे सवारी साधन कुदाउन सक्ने व्यक्तिलाई बिशेष प्राथमिकता दिइनेछ ।



# बिर्तामोडमा 4D भिडियो एक्स-रे र ल्याव सेवा

वरिष्ठ रेडियोलोजिष्ट **डा. संजयकुमार गुप्ता**द्वारा
निशा एडभान्स अल्टासाउण्ड एण्ड डायग्नोष्टिक क्लिनिकमा

- प्रत्येक दिन बिहान ६:०० बजेदेखि ८:३० बजे र बेलुका २:०० बजेदेखि ८:०० बजेसम्म
- पश्चिम बस स्टेण्ड उत्तर, बिर्तामोड-५, झापा





हाम्रा सेवाहरु

- Fetal Echo, Fibro Scan Liver (पहिलोपल्ट)
- विशेषज्ञद्वारा ओ.पी.डी. सेवा
- निसन्तान परामर्श केन्द्र
- 12 Lead ECG,
- सुपथ मूल्यको फार्मेसी सेवा
- अत्याधुनिक प्याथोलोजी ल्याव
- 4D भिडियो एक्स-रे
- Anomaly Scan, TVS
- रक्त नलिको Colour Doppler
- Advance CT Scan

सम्पर्क नं. : ०२३-५९०१९४, ९८०१५६६४७८, ९८१७९८४६४६



# वरिष्ठ मुटु रोग विशेषज्ञ



DR. RAJESH KUMAR PANJIYAR
MBBS, MD INTERNAL MEDICINE,
DM CARDIOLOGY FAPSC (JAPAN)
NMC NO.: 8021
SENIOR CLINICAL & INTERVENTIONAL CARDIOLOGIST

CATH LAB Training (सहिद गंगालाल राष्ट्रिय हृदय केन्द्र, बाँसबारी, काठमाडौं)

प्रत्येक महिनाको तेस्रो शनिबार विराटनगरबाट

उपचार हुने रोगहरू

- उच्च रक्तचाप(Blood Pressure),कोलेस्ट्रोल
- छाती दुख्ने, चक्कर आउने, थकान धेरै हुने
- राति सुत्दा वा हिड्दा साँस फेर्न गाह्रो हुने
- हात,खुट्टा सुन्निने, पसिना धेरै आउने, ढुकढुकी बढ्ने
- मुटुको कमजोरी (Heart Failure)
- हृदयघात (Heart Attack)
- पुरानो मुटु रोग सम्बन्धी समस्या
- ECG र मुटुको भिडियो एक्सरे (ECHO)सेवा
- मुटु सम्बन्धी अपरेसन गरेको तथा पेसमेकर राखेका बिरामीहरु का लागि नियमित परामर्श

आर. आर. पोलिक्लिनिक
अन्नपूर्ण चोक, भद्रपुररोड (भद्रपुर बस स्टेण्डसगै), बिर्तामोड-४,झापा
०२३-५४११७४, ९८२०४५११७४


श्रीअन्तु प्रकाशन प्रा.लि.द्वारा प्रकाशित तथा मुद्रित - कार्यालय : बिर्तामोड-१, झापा ■ प्रकाशक : भरतलाल गिरी, ■ अध्यक्ष : टोरूप प्रसाई, ■ व्यवस्थापक : चन्द्रकान्त ढकाल (९८४४६४२०९५/ ९८१७९९०२९९) ■ प्रकाशन सहयोगी : भानुप्रसाद शिवाकोटी ■ सम्पादक : एकराज गिरी
■ कार्यकारी व्यवस्थापक : होमप्रकाश अधिकारी (९८४२६३४७४०) ■ सह-सम्पादक : सुरेन्द्र भण्डारी ■ अनलाइन संयोजक : नरेन्द्र ढकाल ■ डेस्क सम्पादक : लक्ष्मण ढकाल ■ लेखा : सोमनाथ भण्डारी ■ बजार व्यवस्थापक : लीला आचार्य (९८१४०१८५७१) ■ कम्प्युटर : रुपा मुखिया/ सन्तोष अधिकारी
■ बिर्तामोड प्रतिनिधि: गोपाल अधिकारी-९८०७९१०२२२/सञ्जय श्रेष्ठ ९८०६०३३१५३ ■ प्रोसेसिङ : गोपाल मण्डल ■ प्राविधिक : बद्री महतारा (कार्यालय फोन : ०२३-५३१००२/प्रशासन/विज्ञापन : ०२३-५३००४४) Email: purwanchal2052@gmail .com

पूर्वाञ्चल

सम्पादकीय

# सत्यको प्रतीक दशैं

**नेपाली समाज विविधताले भरिपूर्ण छ । जाति, धर्म, संस्कृति, परम्परा, भाषा र भेषभुषाले विविधता देखाए पनि मन र भावनाले नेपाली-नेपालीका बीच विभाजन छैन । त्यस्तै भुगोलभित्रको विविधता नेपालको सौन्दर्य हो भने त्यही भिन्नता हाम्रो गौरवका रुपमा परिचित छ । नेपाली विविधताभित्र एकता खोज्ने जाति हो । त्यसैले जातिपिच्छेका परम्परा र संस्कृति प्रतिको सम्मान र हार्दिकता सहिष्णुताको प्रतिबिम्ब हो । नेपाली मूलतः वैदिक सनातन धर्मको मान्यताबाट अनुप्राणित छ । यद्यपि यहाँ अन्य धर्मावलम्वीहरुले पनि आ-आफ्नो परम्परा, संस्कार र संस्कृति निर्वाध उपभोग गरिरहेका छन् ।**

**सनातन परम्परा अनुसार सबै जातजातिका आ-आफ्ना चाडपर्व र उत्सव छन् । एउटै धर्म भएर पनि जाति अनुसार फरक-फरक तरिकाले मान्ने परम्परा पनि नेपालीको विशेषता नै हो । त्यसमा पनि बहुसंख्यक नेपालीले मान्ने चाड मध्ये दशैं देशको मुख्य चाड हो । नारी शक्तिलाई अत्युच्च सम्मान दिइएको वैदिक दर्शनमा यो समय असत्य र अन्यायको समूल नष्ट गर्ने अवसर हो । अर्थात् रावण नामको राक्षसी प्रवृत्तिको अन्त्य गर्न भगवान रामको प्राकट्य भएको र उनले देवी दुर्गाको आराधना गरी शक्ति प्राप्त गरेको पौराणिक मान्यता छ । त्यही शक्तिले अनैतिक तथा दुष्टकर्म गर्ने रावणको वध गरेर देवी सीताको रक्षा गरेको विश्वास गरिन्छ ।**

**नेपालीहरुको महान चाड हो दशैं । दशैं मुख्यगरी आश्विन शुक्ल पक्षमा विशेष ढंगले मनाइन्छ । तर, त्यसबाहेक चैत महिनामा पर्ने दशैंको पनि छुट्टै महत्त्व छ । अष्टमीका दिनमा देशभरका देवीका शक्ति पीठहरुमा दर्शनार्थीहरुको घुइँचो हुन्छ । अहिले पर्ने दशैंमा पनि चण्डीपाठ, सप्तशती देवी भागवत लगायतका देवी दुर्गाका महिमायुक्त ग्रन्थको वाचन गरिन्छ । तिथिका हिसावले आज अष्टमी मात्रै हो, तर दशैंको विशेष रमाइलो अष्टमीकै दिनबाट शुरु हुने भएकाले आजलाई चैते दशैं भनिएको हो । यो दशैंमा पाठ गरिएका ग्रन्थहरुको समापन कतिले भोलि अर्थात् राम नवमीका दिन पनि गर्छन् ।**

**मर्यादा पुरुष भगवान श्रीरामले आफ्नो चौध वर्षे वनवास पूरा गरेर आजकै दिन अयोध्या फर्किएको मानिन्छ । पत्नीको अस्मिता रक्षाका साथै दुराचारी रावणको असुरमुखी व्यवहारबाट संसारलाई जोगाउन रावणको वध गरेको मान्यता पनि छ । त्यसका लागि भगवान श्रीरामलाई देवी दुर्गाले मद्दत गर्नुभएको प्रसंग पनि जोडिने दशैं समग्रमा असत्य माथि सत्यको विजयको प्रतीक हो । यो दशैंले देशमा विद्यमान विसंगतहरु हटाओस्, असमानता, हराओस्, सत्यले जितोस् अनि असत्य, अन्याय र दुराचारी प्रवृत्तिको अन्त्य गरोस् । सबैको जय होस् ।**

# फरवार्ड डिफेन्स : अमेरिकी युद्ध नीति



रश्मिशेखर सुवेदी



तस्वीर : इन्टरनेट

विश्वको सर्व शक्तिमान राष्ट्र भनिएको अमेरिकाले आफ्नो भूमिबाट शत्रू राष्ट्रहरूसँग किन युद्ध लड्दैन ? किन अन्य देशहरूमा सैन्य क्याम्प स्थापना गरेर त्यहीँबाट युद्ध सञ्चालन गर्छ ? र, त्यो देशलाई किन युद्धको तारो बनाइन्छ ? यो गम्भीर प्रश्नले आज विश्व राजनीति छक्क छ ! तर, किन कोही बोल्दैन ? नेपाल जस्तो संवेदनशील भू-राजनीतिक अवस्थाको मुलुकको गहिराइलाई पनि छुन्छ नि यो प्रश्नले ! छुदैन र ?

विश्वका शक्तिशाली राष्ट्रहरुले युद्धलाई सकेसम्म आफ्नो भूमिबाट टाढा राख्ने रणनीति अपनाउँदै आएका छन् । यो युद्ध नीतिलाई 'फरवार्ड डिफेन्स' भनिन्छ- खतरा आफ्नो सीमामा आइपुग्नु अघि नै बाहिरै नियन्त्रण गर्ने !

दोस्रो विश्वयुद्धपछि अमेरिकाले विश्वका विभिन्न भागहरूमा सैन्य उपस्थिति विस्तार गर्दै यही नीति लागू गऱ्यो । युरोपदेखि मध्यपूर्व र एसियासम्म फैलिएका ती सैन्य क्याम्पहरू केवल सुरक्षाका लागि मात्र होइन, प्रभाव विस्तारका माध्यम पनि थिए ।

यस्ता सैन्य उपस्थितिहरू प्रायः गठबन्धन र सहकार्यका नाममा स्थापना गरिन्छन् । औपचारिक रूपमा हेर्दा, आवद्ध देशहरूको सहमतिमा क्याम्प स्थापना गरिन्छ र सुरक्षा सहयोग प्रदान गरिन्छ । तर व्यवहारमा, जब द्वन्द्व हुन्छ, युद्ध त्यहीँ हुन्छ जहाँ क्याम्प छन् र त्यसको प्रत्यक्ष असर त्यहाँका जनताले भोग्नुपर्छ । अफगानिस्तान, इराक, सिरिया, यमन, सोमालिया, लिबिया, कतार, बहराइन, संयुक्त अरब इमिरेट्स, साउदी अरब लगायतको दृष्टान्त आँखा मै छ ।

यो विश्व केवल शक्तिशाली राष्ट्रहरूको खेल मैदान मात्र होइन, कुनै देश कुनै धनीमानी र पहुँचवालाको मात्र होइन, सबैको साझा घर हो । यहाँ प्रत्येक मानिसलाई आफ्नो विचार, सिद्धान्त, धर्म, संस्कृति र जीवनशैली अनुसार बाँच्ने अधिकार छ । केवल मानिस मात्र होइन, जीवजन्तु, पशुपंक्षी र सम्पूर्ण प्रकृतिको पनि अस्तित्वको अधिकार छ । यस्तो साझा संसारमा अन्ध स्वार्थ, शक्ति प्रदर्शन र दम्भका आधारमा अरूलाई पीडा दिने प्रवृत्ति केवल राजनीतिक रूपमा होइन, नैतिक रूपमा पनि निन्दनीय छ ।

अहिलेको जारी मध्यपूर्वको द्वन्द्वलाई हेर्दा केही महत्त्वपूर्ण प्रश्न उठ्छन्, अमेरिकाभित्र बस्ने सामान्य नागरिकहरूमा यो युद्धको असर कति परेको छ ? त्यहाँ श्रम गरेर त्यही कर तिर्ने विभिन्न देशबाट गएका नवअमेरिकीहरु र देशलाई रेमिट्यान्स भित्र्याउन रोजगारीका लागि विभिन्न मुलुकमा गएकाहरुको सुरक्षाबीचको भिन्नता के छ ? अमेरिकाबाट भोग्नुपरेको असुरक्षामा खुशी हुने नव अमेरिकीहरुको बर्बराहट कति पाच्य हुन्छ ? तिनीहरु ! डिपोट हुने क्षण पनि आउँछ होला नि ?

यथार्थमा, अमेरिकी भूमिमा बस्ने आमनागरिकहरूले प्रत्यक्ष रूपमा युद्धको पीडा जस्तैः बमबारी, विस्थापन, दैनिक असुरक्षा, पूर्वाधारको विनाश भोग्नु परेको छैन । जब कि मध्यपूर्वका युद्धग्रस्त क्षेत्रका नागरिकहरूले जीवन, घर, भोजन, रोजगारी र सुरक्षासम्म गुमाइरहेका छन् । यही असमानता नै विश्व राजनीतिमा बारम्बार उठ्ने नैतिक प्रश्न हो । शत्रूता र निर्णय एउटाले लिन्छ, तर त्यसको मूल्य अर्को देशका जनताले चुकाउनुपर्ने ! अर्कैको भूमि र निर्दोष जनतालाई ढाल बनाएर किन लड्नु स्वार्थको युद्ध ?

यही सन्दर्भमा एउटा अझ गहिरो मानवीय सत्यलाई हामीले बिर्सनु हुँदैन- यो विश्व केवल शक्तिशाली राष्ट्रहरूको खेल मैदान मात्र होइन, कुनै देश कुनै धनीमानी र पहुँचवालाको मात्र होइन, सबैको साझा घर हो । यहाँ प्रत्येक मानिसलाई आफ्नो विचार, सिद्धान्त, धर्म, संस्कृति र जीवनशैली अनुसार बाँच्ने अधिकार छ । केवल मानिस मात्र होइन, जीवजन्तु, पशुपंक्षी र सम्पूर्ण प्रकृतिको पनि अस्तित्वको अधिकार छ । यस्तो साझा संसारमा अन्ध स्वार्थ, शक्ति प्रदर्शन र दम्भका आधारमा अरूलाई पीडा दिने प्रवृत्ति केवल राजनीतिक रूपमा होइन, नैतिक रूपमा पनि निन्दनीय छ । शक्तिको आडमा विश्वव्यापी जीवन र सहअस्तित्वलाई जोखिममा पार्ने अधिकार कसैलाई छैन- यो मूलभूत मानवीय र नैतिक सिद्धान्त हो । त्यसैले युद्ध रोक दम्भीहरु !

यही पृष्ठभूमिमा शक्तिशाली राष्ट्रहरूले साना देशहरूलाई आफ्नो रणनीतिक खेल मैदान बनाउने रणनीतिप्रति सजग हुनु आवश्यक छ । यद्यपि, सबै हस्तक्षेप एउटै प्रकृतिका हुँदैनन्- केही अवस्थामा सम्बन्धित देशहरूले आफैं सुरक्षा सहयोग मागेका पनि हुन्छन् । तर, नैतिक प्रश्न भने उही रहन्छ- सुरक्षाको नाममा हुने हस्तक्षेपले निर्दोष जनताको जीवन किन जोखिममा पर्छ ?

यही विश्व सन्दर्भलाई हेर्दा नेपालमा उठेको एसपीपी बहसलाई अझ स्पष्ट रूपमा बुझ्न सकिन्छ । नेपाल जस्तो देश, जो भारत र चीन जस्ता शक्तिशाली राष्ट्रबीच अवस्थित छ, सधैँ सन्तुलित कुटनीतिक अभ्यास मार्फत सदियौंदेखि आफ्नो अस्तित्व जोगाउँदै आएको छ । प्रत्यक्ष सैन्य खतरा नदेखिएको अवस्थामा State Partnership Program (SPP) जस्तो कार्यक्रम किन आवश्यक ठानिन्छ भन्ने प्रश्न यहीँबाट उठ्छ ।

एसपीपीको औपचारिक उद्देश्य विपद् व्यवस्थापन, मानवीय सहायता र सैन्य तालिम हो । तर, जब यसलाई अमेरिकाको व्यापक वैश्विक रणनीतिसँग जोडेर हेऱ्यौं भने यसको अर्थ केवल तालिममा मात्र सीमित रहँदैन । यसले एउटा सन्देश दिन्छ- नेपाल पनि शक्ति प्रतिस्पर्धाको नक्सामा प्रवेश गर्दैछ ।

नेपालको सन्दर्भमा विचार गर्दा, हामीलाई प्रत्यक्ष सैन्य द्वन्द्वको खतरा छैन । सीमा विवादका विषयहरू भारत र चीनसँग छन्, ती कुटनीतिक संवादबाट समाधान खोजिनु पर्छ । तर, बाहिरी शक्तिको आडमा होइन । यस्तो अवस्थामा वाह्य सैन्य सहकार्यले सुरक्षा सुदृढ गर्छ कि कुटनीतिक सन्तुलन कमजोर बनाउँछ भन्ने प्रश्न गम्भीररूपमा बुझ्न आवश्यक छ ।

इतिहासले देखाउँछ कि नेपालको शक्ति 'असंलग्न'परराष्ट्र नीतिमा निहित छ । नेपाल एकीकरणका नायक पृथ्वीनारायण शाहदेखि वीपी कोइरालासम्मका नेताहरूले नेपाललाई कुनै पनि शक्ति-गुटमा नपारी स्वतन्त्र निर्णय गर्ने मार्ग रोजेका थिए । यही सन्तुलनले नेपाललाई ठूला शक्ति प्रतिस्पर्धाबाट टाढा राख्दै आएको हो आजसम्म ।

तर आजको विश्वमा शक्ति प्रतिस्पर्धा तीव्र छ । अमेरिका, चीन र भारतबीचको प्रतिस्पर्धाले हाम्रो परिवेशका साना राष्ट्रहरूलाई पनि रणनीतिक निर्णय लिन बाध्य बनाइरहेको छ । यस्तो अवस्थामा एसपीपी जस्तो कार्यक्रमले नेपाललाई 'तटस्थ भूमि'बाट 'रणनीतिक चासोको क्षेत्र'मा रूपान्तरण गर्ने जोखिम निश्चित छ ।

यस सन्दर्भमा नेपालले स्पष्ट नीतिगत आधार तयार गर्नु अत्यन्त आवश्यक छ । कुनै पनि अन्तर्राष्ट्रिय सहकार्य स्वीकार गर्दा राष्ट्रिय सार्वभौमिकता अक्षुण्ण रहने, छिमेकी राष्ट्रहरूसँगको सन्तुलन नबिग्रने र सैन्यभन्दा नागरिक हित बढी सुनिश्चित हुने मापदण्डहरू स्पष्ट हुनुपर्छ । यस्ता मापदण्ड बिना गरिने निर्णयहरूले दीर्घकालीन रूपमा कुटनीतिक जटिलता निम्त्याउन सक्छन् ।



# आज चैते दशैं

चैत्र महिनामा पर्ने दशैं तथा नवरात्रीलाई चैते दशैं भनिन्छ । यसमा पनि दशैंको जस्तैः पूजापाठ, चण्डीपाठ, बाजागाजा बज्ने गर्छन् । नेपाली चाडपर्वमा चैते दशैंको पनि महत्वपूर्ण स्थान रहेको छ । नेपाल भरिमा चैते दशैं विभिन्न ठाउँमा मनाइने गरिन्छ । असुर शक्तिमाथि दैवीशक्तिको विजय तथा असत्यमाथि सत्यको विजयका रूपमा लिइने दशैं हिन्दुधर्मावलम्बीहरूले वर्षमा दुइपटक मनाउने गर्दछन् ।

असोजमा मनाइँने दशैंलाई बडादशैंको रूपमा मनाइन्छ भने चैत शुक्ल अष्टमीमा मनाइँने दशैंलाई चैते दशैं । चैते दशैं पर्वको अवसरमा देवीमन्दिर तथा घर-घरमा दुर्गा सप्तशती, देवी भागवत कालिकापुराण लगायत देवी महिमायुक्त ग्रन्थको वाचन गर्ने गरिन्छ । एक वर्षमा चैत र असोज महिनामा गरी दुई पटक पुज्ने दुर्गा पूजाको हिन्दु धर्म शास्त्रहरूमा विशेष महत्व रहेको उल्लेख गरिएको छ । हिन्दु धर्मालम्वीहरूले आज चैते दशैं मनाएर भोलि विशेष उत्सवको साथ राम नवमी पर्व मनाउने गरेका छन् ।

दशैं अर्थात् नेपालीहरूको महान चाड अनि नवरात्रिका रूपमा प्रसिद्ध सांस्कृतिक महत्व बोकेको पर्व । यो चैते दशैं पनि असोज कार्तिकमा आउने मुख्य दशैंको एउटा प्रतिबिम्ब चाड हो । पुराना कथनहरुका अनुसार पहिले पहिले मुख्य दशैं चैतमा पर्ने गर्दथ्यो । तर, उक्त समयमा सुख्खा भएर खडेरी पर्ने, मौसम बदली साथै दशैंको गरिष्ठ भोजन अनि हिँडडुलले धेरैजना बिरामी परेपछि दशैंलाई वर्षको मध्यमा सारिएको मान्यता छ । जे होस् जसो होस्, चैते दशैंको रौनक पनि कम छैन् । चैते दशैंलाई कतिपय ठाउँमा सानो दशैं भन्ने चलन पनि छ भने भारत, बङ्गलादेश अनि म्यानमारमा चैते नवरात्रि भन्ने चलन पनि छ ।

यस वर्ष २०७३ को चाडपर्वको श्रृंखलालाई यस वर्षको चैते दशैं अनि भोलीको रामनवमीले समापन गरेको छ, यी पर्वहरु नै यस वर्षका लागि लगभग अन्तिम पर्व हो है । अब आजको अष्टमीपछिको भोलीको राम नवमी । अनि सकिए यस वर्षका चाडहरु । वास्तवमा दशैं भन्ने बित्तिकै दशमी भन्ने बुझिन्छ, तर फेरि नेपालमा दशैंको रौनक भने अष्टमीको दिन बली दिने कुराहरूमा केन्द्रित रहन्छ । आजको दिन पनि तिथिका हिसाबले अष्टमी हो । दानवीय शक्तिमाथि दैवीशक्तिको विजय उत्सवका रूपमा मनाइने चैते दशैंमा पनि मुख्य दशैंमा झैं विभिन्न शक्तिपीठहरूमा पशुवली भोग दिने गरिन्छ ।

चैत शुक्ल अष्टमिका दिन उपत्यकाभित्र गुह्येश्वरी, दक्षिणकाली, शोभा भगवती, रक्तकाली, नक्साल भगवती, मैतीदेवी र संकटामा बिहानैदेखि दर्शनार्थीको घुइँचो लाग्ने गर्दछ । तलेजु भवानी, हनुमान ढोका दरवार स्क्वायर, भक्तपुर दरवार स्क्वायर लगायतका उपत्यकाका मन्दिरहरूमा आज वली दिइन्छ र यस्ता वली दिने कार्यक्रमहरूमा नेपाली सेनाको समेत सहभागिता रहन्छ । वलीका क्रियाकलापहरु पर्यटकहरूले सार्वनजिक रूपमा हेर्न पाउँछन्, पर्यटकीय रूपमा पनि आजको चाड उत्तिकै महत्वपूर्ण छ । अर्कोतर्फ प्राचिन समयदेखि नै काठमाडौं उपत्यकाका यी देवालयहरूमा वली चढाउने क्रम निरन्तर चलिरहेको छ । उपत्यका बाहिर पनि भगवति मन्दिरहरु अनि शक्तिपीठहरूमा समेत दर्शनार्थीको घुइँचो हुने गर्दछ । कतिपय भगवती मन्दिर क्षेत्रमा भने भव्य मेला लाग्ने गर्दछ ।

आजकै दिन मर्यादा पुरूषोत्तम प्रभु श्रीरामचन्द्र आफ्नो १४ वर्षे वनवास सकाएर अयोध्या फिर्नुभएको मानिन्छ, आफ्नी श्रीमती सीताको अस्मिता रक्षार्थ अनि पापी रावणको दुस्साहस र असुरमुखी व्यवहारबाट संसारलाई जोगाउन भगवान श्रीरामले रावणको वध गर्नुभएको थियो । यसरी रावणको वध गर्नकालागि देवी दुर्गाले रामलाई मद्दत गर्नुभएको थियो, आज राम अनि दुर्गा लगायत अन्य धेरै देवीदेवताको पूजा गरिन्छ । यी सम्पूर्ण कुराहरु उहाँको १४ वर्षे वनवासभित्रै भएको थियो र आज अर्थात चैते दशैंका दिन उहाँको सकुशल आगमन भएकोमा अयोध्याबासी लगायत सबैले असत्यमाथि सत्यको जितको रूपमा चैते दशैं मनाएका हुन् भन्ने सामाजिक मान्यता रहेका छन् ।

मुख्य दशैंमा झैं चैते दशैंमा पनि दुर्गा पूजा गरी मिष्ठान्न भोजन चढाइन्छ । देवी मन्दिरहरूमा देवी भागवत पाठपारायण तथा कालिका पुराणका देविस्त्रोतहरु पाठ गरिन्छ । घरमा उपलब्ध खाद्यान्न परिकारहरूलाई बनाई तुल्याई खाई रमाइलो गरी चैते दशैं मनाइन्छ । आज अशोकको फूल खाने गरिन्छ । फुल खादा रोगब्याधी नष्ट हुने आम विश्वास छ । छोरी चेली लगायत दिदी-बहिनी अनि कर कुटुम्भहरूलाई बोलाएर खुवाउने चलन रहेको छ । माशांहारीरुले माछा-मासु खाने चलन छ र यसका लागि जनावरहरु वली दिइन्छ भने शाहाकारीहरूले भने घिरौला, भाण्टा, कुभिन्डो या अन्य फलफूललाई खुट्टाको टेको लगाएर बली दिने चलन छ ।






ज्यो. पं. खेमप्रसाद पौडेल
फोन सम्पर्क नं. : ९८५११५४६९९

**मेष (चु, चे, चो, ला, लि, लु, ले, लो, अ)** स्वास्थ्य प्रतिकुल बनेर जानेछ, अनावश्यक झमेलाबाट छुटकारा मिल्ने योग आएको छ, अवधिभर कसैसँग वादविवाद नगर्नुहोला ।

**बृष (इ, उ, ए, ओ, बा, बि, बु, बे, बो)** आज तपाईको दिन शुभ रहेको छ, बोलिको प्रभावले विशेष काम बन्ने योग छ, इष्टमित्रले साथ दिनेछन् , नयाँ अवसरका बाटो खुल्नेछ ।

**मिथुन (का, कि, कु, घ, ङ, छ, के, को, ह)** तपाईको आजको दिन मध्यम रहेको छ, स्वास्थ्य सम्बन्धी समस्या हटेर जानेछ, पशुचौपायासँग सम्बन्धित व्यापारबाट यथेश्ठ लाभ मिल्नाले मन खुशी रहला ।

**कर्कट (हि, हु, हे, हो, डा, डि, डु, डे, डो)** व्यापार-व्यवसायमा लाभ प्राप्त हुनेछ, सानै सफलताले पनि ठूलो खुशी प्राप्त हुनेछ, रचनात्मक तथा कलाकारितामा मन जानेछ ।

**सिंह (मा, मि, मु, मे, मो, टा, टि, टु, टे)** समय मिश्रित फलदायी छ, टाउको तथा आँखा सम्बन्धी समस्याले सताउन सक्छ, बेलुकीपख विशेष काममा सन्तानबाट सहयोग प्राप्त हुनेछ ।

**कन्या (टो, प, पि, पु, ष, ण, ठ, पे, पो)** लामो समयदेखि बिग्रिएको स्वास्थ्यले साथ दिने छ, शरीरमा स्फूर्ति पैदा हुनेछ, अनावश्यक चिन्ता हटेर जानाले मन आनन्दित रहला ।

**तुला (र, रि, रु, रे, रो, ता, ति, तु, ते)** व्यापार-व्यवसायमा लाभदायक योग आएको छ, अकस्मात धन लाभ हुनेछ, साथीभाइसँग रमाइलो जमघट तथा मिष्ठान्न भोजन प्राप्त हुनाले मन प्रशन्न रहला ।

**बृश्चिक (तो, ना, नि, नु, ने, नो, या, यि, यु)** मन प्रशन्न रहला, स्वास्थ्य लाभका साथै शुख प्राप्त होला, शत्रुमाथि विजय प्राप्त हुनेछ, शुभ खबर सुन्न पाइने छ ।

**धनु (ये, यो, भ, भि, भु, ध, फा, ढ, भे)** लामो दुरीको फाइदाजनक यात्रा हुनेछ, भाग्यले साथ दिनेछ, कार्यसिद्धीको योग परेको छ, टाढिएका मित्रसँग भेट हुने समय रहेको छ ।

**मकर (भो, ज, जि, खि, खु, खे, खो, गा, गि)** समय सामान्य रहने छ, धार्मिक अभिरूची बढेर जानेछ, पैतृक सम्पत्तिमा वादविवादको योग रहेको छ, धैर्य रहनुहोला ।

**कुम्भ (गु, गे, गो, सा, सि, सु, से, सो, द)** समय फलदायी छ, उपहार प्राप्तिको योग परेको छ, छोटो दुरीको रोमान्टीक यात्रा हुनेछ, मन प्रशन्न रहनेछ ।

**मीन (दि, दु, थ, झ, ञ, दे, दो, च, चि)** समय बलवान रहेको छ, यो अवधिमा नयाँ कामको थालनी गर्नुभएमा तपाइँको लागि लाभदायक हुनेछ, सम्बन्ध सुमधुर रहला ।

मिति २०८२/१२/११ बुधबारको सुनचाँदी मूल्य
छापावाला सुन प्रति तोला रु. २८८,५००/-
चाँदी प्रति तोला रु. ४,९२०/-

# १४ वर्षमुनिका २७ जनामा क्षयरोग

**झापा, चैत ११।** चालू आर्थिक वर्षमा चितवनमा छ सय २३ जना क्षयरोगबाट पीडित भएका पाइएको छ।

नियमित परीक्षणका क्रममा जिल्लामा पहिचान भएका क्षयरोगी मध्ये २७ जना १४ वर्षमुनिका बालबालिका छन्। ती मध्ये चार जना चार वर्षमुनिका छन्।

जनस्वास्थ्य कार्यालयका क्षयकुष्ठ अधिकृत जयराम दुवाडीका अनुसार साउनयता पाँच हजार तीन सय ८२ जनाको परीक्षण गरिएकामा उनीहरूमा यो रोगको सङ्क्रमण देखिएको हो। जसमध्ये दुई सय ८७ जनामा नसर्ने र तीन सय ३६ जना सर्ने खालको क्षयरोग भएको भेटिएको छ। सङ्क्रमित मध्ये सात जनालाई औषधिले काम नगर्ने खालको क्षयरोग भेटिएको छ।

सङ्क्रमितहरूले जिल्लाका एक सय सात वटा औषधि वितरण गर्ने संस्थाबाट नियमित औषधि सेवन गर्दै आएका छन्। क्षयरोग प्रमाणित गर्नका लागि जिल्लामा २८ वटा 'माइक्रोस्कोप' र चारवटा 'जिन एक्स्पर्ट' गर्ने संस्था छन्। माइक्रोस्कोपबाट तीन हजार ८१ जनाको परीक्षण गरिएकामा एक सय ४३ जनामा सङ्क्रमित भेटिएको थियो। त्यस्तै जिन एक्स्पर्टबाट दुई हजार तीन सय एक जनाको परीक्षण गर्दा तीन सय सात जनामा क्षयरोग सङ्क्रमित देखिएको उनले बताए। जिल्लामा भेटिएका सङ्क्रमित मध्ये दुई सय ३५ महिला र तीन सय ८८ जना पुरुष रहेका छन्।

गत आर्थिक वर्षमा एक हजार ८९ जनामा क्षयरोगको सङ्क्रमण भेटिएको थियो। सङ्क्रमित मध्ये २२ जनाको क्षयरोगका कारण मृत्यु भएको थियो। गत वर्ष १३ हजार एक सय सात जनाको परीक्षण गरिएको थियो। यो रोग माइक्रोब्याक्टेरियम ट्युबरकुलोसिस नामक ब्याक्टेरियाको सङ्क्रमणका कारण हुने रोग हो। रोग लागेको शुरुवाती अवस्थामा थोरै काम गर्दा पनि थकान महशुस हुने गर्छ, कमजोरी महशुस हुन थाल्छ।

मानिसहरूले यस्ता लक्षणलाई गम्भीरतापूर्वक लिँदैनन्, जसकारण विस्तारै क्षयरोगको ब्याक्टेरियाले सङ्क्रमण भई गम्भीर समस्या निम्त्याउने उनले बताए।

# इनरुवामा २१० फिट अग्लो राष्ट्रिय झण्डा



□ **योगेन्द्र योगी**

**सुनसरी, चैत ११।** देशभक्ति, एकता र राष्ट्रिय गौरवको प्रतीकका रूपमा सुनसरीको इनरुवा नगरपालिका-७ स्थित ग्रीन सिटी क्षेत्रमा दुई सय १० फिट अग्लो नेपालको राष्ट्रिय झण्डा फहराइएको छ।

श्रीमद् भागवत महापुराण धन-धान्याञ्चल सप्ताह धार्मिक ज्ञान महायज्ञको छैटौं दिनको विशेष अवसर पारेर आयोजित कार्यक्रममा स्थानीयबासी, धर्मप्रेमी तथा विभिन्न क्षेत्रका व्यक्तित्वहरूको उल्लेखनीय उपस्थिति रहेको थियो।

कार्यक्रम आवास विकास संघ नेपालका अध्यक्ष विष्णुप्रसाद घिमिरेको प्रमुख आतिथ्य तथा डीएन ग्रुप अफ कम्पनीका अध्यक्ष दीपक काफ्लेको अध्यक्षतामा सम्पन्न भएको थियो। झण्डोत्तोलनको क्षणमा राष्ट्रिय गीतको धुनसँगै उपस्थित जनसमुदाय भावुक बनेका थिए भने ग्रीन सिटी क्षेत्र देश प्रेमको उत्साहले भरिएको देखिन्थ्यो।

कार्यक्रममा प्रमुख अतिथि घिमिरेले दुई सय १० फिट अग्लो राष्ट्रिय झण्डा केवल संरचना मात्र नभई नेपालीहरूको आत्मसम्मान, एकता र स्वाभिमानको प्रतीक भएको बताए। 'यो झण्डा हाम्रो इतिहास, हाम्रो बलिदान र हाम्रो पहिचानको प्रतिनिधित्व हो। यसलाई यति भव्य रूपमा स्थापना गर्नु भनेको भावी पुस्तालाई देशप्रेमको सन्देश दिनु हो' -उनले भने। उनले यस्ता कार्यहरूले समाजमा सकारात्मक ऊर्जा फैलाउने र राष्ट्रिय भावनालाई थप सुदृढ बनाउने विश्वास व्यक्त गरे।

त्यसैगरी कार्यक्रमका अध्यक्ष तथा डीएन ग्रुप अफ कम्पनीका अध्यक्ष दीपक काफ्लेले ग्रीन सिटीलाई केवल आवासीय क्षेत्र मात्र नभई सांस्कृतिक, धार्मिक र राष्ट्रिय चेतनाको केन्द्र बनाउने लक्ष्यका साथ यस्तो कार्य गरिएको बताए। 'हामीले निर्माण गरेको यो दुई सय १० फिट अग्लो राष्ट्रिय झण्डा केवल संरचना होइन, यो हाम्रो आत्माको आवाज हो। हरेक नेपालीको मुटुमा देशप्रेम जागृत गराउने उद्देश्यले यो अभियान अघि बढाइएको हो' -उनले भावुक हुँदै भने। उनले आगामी दिनमा पनि यस्ता सामाजिक तथा राष्ट्रप्रेमी कार्यक्रमहरू निरन्तर सञ्चालन गर्ने प्रतिबद्धता व्यक्त गरे।

कार्यक्रममा स्वागत गर्दै ग्रीन सिटीका सञ्चालक नेत्रप्रसाद चौलागाँईले ग्रीन सिटी क्षेत्रलाई धार्मिक, सामाजिक र सांस्कृतिक गतिविधिहरूको केन्द्रका रूपमा विकास गर्ने लक्ष्य रहेको उल्लेख गरे। 'यो झण्डा हाम्रो पहिचान हो, हाम्रो गौरव हो। हामीले यसलाई केवल देखावटी रूपमा होइन, भावनात्मक रूपमा स्थापित गरेका छौं' -उनले भने। उनले महायज्ञ सफल बनाउन सहयोग गर्ने सम्पूर्ण दाताहरू, स्वयम्सेवक तथा स्थानीयबासीप्रति आभार व्यक्त गरे।

झण्डा स्थापना कार्य डीएन ग्रुप अफ कम्पनीको सहकार्यमा सम्पन्न भएको हो। दुई सय १० फिट अग्लो झण्डा टाढा-टाढाबाट समेत देख्न सकिने भएकाले यसले इनरुवाको पहिचानलाई थप उचाइ दिने अपेक्षा गरिएको छ। स्थानीयबासीहरूले यसलाई क्षेत्रकै गौरवको रूपमा लिएका छन्।

कार्यक्रममा धार्मिक अनुष्ठान, भजन-कीर्तन तथा प्रवचन समेत सञ्चालन गरिएको थियो। महायज्ञमा सहभागी श्रद्धालुहरूले झण्डोत्तोलनलाई ऐतिहासिक क्षणका रूपमा लिँदै देश प्रेम र एकताको भावना अझ प्रगाढ बनाएको बताएका छन्।

# रेडक्रसको शाखा शिवसताक्षीमा



**झिलझिले, चैत ११।** राज्य पुनर्संरचनापछि स्थानीय तहको संरचनामा आधारित सेवा विस्तारको अभ्यासलाई आत्मसात् गर्दै नेपाल रेडक्रस सोसाइटीले पनि आफ्नो संगठनात्मक ढाँचा परिवर्तन गर्ने क्रमलाई तीव्रता दिएको छ।

यही सन्दर्भमा झापाको शिवसताक्षी नगरपालिकामा पालिका तहको शाखा गठन गरिएको छ। स्थानीय तहसम्म मानवीय सेवाको पहुँच विस्तार गर्ने नयाँ कदमका रूपमा यसलाई हेरिएको छ। नेपाल रेडक्रस सोसाइटीको विधान २०२० को १८औं संशोधन २०८२ ले स्थानीय तहमा पालिका शाखा गठन गर्ने व्यवस्था गरेसँगै शिवसताक्षीमा उक्त संरचना कार्यान्वयनमा आएको हो।

शिवसताक्षी उपशाखाका सभापति गोविन्द काफ्लेको संयोजकत्वमा सात सदस्यीय पालिका समिति चयन गरिएको छ। यो समितिको सचिवमा पदमबहादुर थापा, कोषाध्यक्षमा बद्रीनाथ खनाल तथा सदस्यहरूमा खनी माया श्रेष्ठ, कल्पना चौलागाँई, कमल लामिछाने र पूर्णकुमार शाह रहेका छन्।

उपशाखा केन्द्रित संरचनाबाट पालिका तहमा रूपान्तरण हुँदै जाँदा रेडक्रसको सेवा प्रवाह अझ प्रभावकारी र प्रत्यक्ष हुने अपेक्षा आमसर्वसाधारणले गरेका छन्।

शिवसताक्षी र पाँचगाछी उपशाखाका कार्यसमितिको संयुक्त भेलाले उक्त समिति चयन गरेको हो भने भेलाले पालिका शाखाको कार्यालय शिवसताक्षी-६, शिवगञ्जमा राख्ने निर्णय समेत गरेको छ।

जिल्ला तहका पदाधिकारीहरूको सक्रिय उपस्थितिमा गठन प्रक्रिया सम्पन्न भएको छ। नेपाल रेडक्रस सोसाइटी झापाका मन्त्री चन्द्र चुडाल, उपमन्त्री प्रकाशचन्द्र खरेल, कोषाध्यक्ष ओमप्रकाश गौतम, कार्यालय प्रमुख हरिशरण खड्का तथा सल्लाहकार सदस्यहरू भक्तिप्रसाद सिटौला र लक्ष्मीप्रसाद ढकालको सहजीकरणमा कार्यक्रम भएको थियो।

नयाँ संरचना कार्यान्वयन भएसँगै अब झापामा १५ वटै स्थानीय तहमा रेडक्रसका शाखा रहने अवस्था सिर्जना भएको छ। यसअघि केन्द्रीय समिति, जिल्ला शाखा र विभिन्न उपशाखा मार्फत सेवा प्रवाह हुँदै आएकोमा अब पालिका तहमा प्रत्यक्ष संरचना स्थापना हुँदा विपद् व्यवस्थापन, रक्तदान, स्वास्थ्य सेवा र मानवीय सहयोगका गतिविधि अझ छिटो र प्रभावकारी हुने विश्वास गरिएको छ।

समितिका संयोजक गोविन्द काफ्लेका अनुसार गठन गरिएको पालिका समिति औपचारिक रूपमा केन्द्रीय समितिले अनुमोदन गरेपछि पूर्ण रूपमा कार्यान्वयनमा आउने छ। उनले स्थानीय तहसम्म रेडक्रसको उपस्थिति मजबुत हुँदा समुदायसँगको सम्बन्ध अझ सुदृढ हुने र आपत्कालीन अवस्थामा तत्काल प्रतिक्रिया दिन सहज हुने बताए।

यसअघिको शिवशताक्षी उपशाखाले कोशी प्रदेशमै अन्य उपशाखाको तुलनामा रचनात्मक मानवीय सेवा का गतिविधिहरू सञ्चालन गरेको थियो। शिवशताक्षिका अधिकांश सामुदायिक तथा संस्थागत विद्यालयहरूमा जुनियर रेडक्रस सर्कल गठन गरेर विभिन्न गतिविधिहरू सञ्चालन भइरहेका छन्।

# मेची उद्योग वाणिज्य संघको चुनाव २६ बैशाखमा




**मेचीनगर, चैत ११।** मेची उद्योग वाणिज्य संघको चुनाव आगामी बैशाख अन्तिम सातामा हुने भएको छ।

मेची उद्योग वाणिज्य संघको कार्यसमितिको बैठकले आगामी बैशाख २६ गते चुनाव गर्ने निर्णय गरेको हो। संघका कार्यकारी निर्देशक गोपाल बस्नेतले ३५औं बैठकले आगामी बैशाख १९ गते साधारण सभा र २६ गते निर्वाचन गरिने बताए।

साधारणसभा र चुनाव धुलाबारी स्थित पासाङ ल्हामु स्मृति जेसीज प्रतिष्ठान (टाउन हल)मा हुने बताइएको छ। संघको सदस्यता नविकरण म्याद पनि बढाएको छ। यसअघि नविकरणको समय बैशाख ७ गतेलाई थियो। बैशाख ११ गते सम्मलाई म्याद थप गरिएको उनको भनाइ छ।

चुनावमा उम्मेदवार बन्न वा भोट हाल्न सदस्यता नविकरण अनिवार्य गरेको हुनु पर्नेछ। तीन वर्षे कार्यकालका लागि १६ जनाको नयाँ कार्यसमिति बन्नेछ। जसमा अध्यक्ष, वरिष्ठ उपाध्यक्ष, तीन जना उपाध्यक्ष (उद्योग, वाणिज्य र महिला समेत), महासचिव र १० जना सदस्य गरी जम्मा १६ जनाको कार्यसमिति रहने छ।

# संसदको नमूना अभ्यास

**कमल, चैत ११।** कमल गाउँ पालिकामा बुधबारबाट नमूना संसद अभ्यास तथा कार्यशाला कार्यक्रम शुरु भएको छ।

गाउँपालिकाको आयोजना तथा कुइनेटो मिडिया प्रालिको प्राविधिक सहयोगमा नमूना संसद अभ्यास तथा कार्यशाला कार्यकम शुरू भएको हो।

कार्यक्रम गाउँपालिकाका सातवटै वडाबाट छनौट भएका युवा तथा बाल क्लवका पदाधिकारी गरी ३० जनाभन्दा बढि युवाको सहभागिता रहेको थियो।

कार्यक्रमका सहभागीलाई राष्ट्रिय युवा परिषदका प्रशिक्षक योगेन्द्र पौडेलले सहजीकरण गरेका थिए। सहभागीलाई नेता र नेतृत्वको भूमिका, औपचारिक र अनौपचारिक नेतृत्व, सांसदले संसदमा गर्नुपर्ने भूमिका लगायतका विषयमा वर्तमान कानूनी प्रावधान लगायतका विषयमा सहजकर्ता पौडेलले सहजीकरण गरेका थिए।


## सिलिङ्ग सम्बन्धीको सम्पूर्ण काम गर्नुपरेमा हामीलाई सम्झनुहोस्

यहाँ गुणस्तरीय सामानको प्रयोग गरी जिप्सन, फल्ससिलिङ, २x२ जिप्सन तथा २x२ सिमेन्ट बोर्ड सिलिङ्ग साथै पीभीसी सिलिङ्ग र सिमेन्ट बोर्ड पाटेसन सम्बन्धी सम्पूर्ण काम दक्ष प्राविधिकबाट गरिनुका साथै सिलिङ्ग सम्बन्धी सम्पूर्ण सामान होलसेल तथा खुद्रा मूल्यमा उपलब्ध छ। आजै सम्पर्क गर्नुहोस् मौकाको फाइदा लिनुहोस्।

बिर्तामोड : झापा फल्स सिलिङ्ग हाउस ९८१७९९७२१२, ९८२५९१४४३०
उर्लाबारी : उर्लाबारी इन्टेरियर डेकोर फोन नं. : ९८११३४८२४३

## झापामै पहिलो होमियोप्याथिक

तारा होमियो फार्मेसीमा सम्पूर्ण होमियोप्याथिक औषधि उपलब्ध हुनुका साथै डाक्टरको सेवा पनि उपलब्ध छ।

- पेटका रोगहरु: ग्यास्ट्रिक, पेट दुख्ने, पोल्ने, खाना नपच्ने, अरुचि, पाइल्स, फिस्टुला फिस्सर, मलद्वारमा मासु पलाउने, कब्जियत, जण्डीस,
- लिभरका रोगहरु
- महिलाको महिनावारी गडबडी, सानो पेट दुख्ने, पोल्ने, सुन्निने, सेतोपानी जाने, ढाड दुख्ने, स्थनका गाठागुठी आदि।
- अनुहारको चायाँ पोतो, डण्डिफोर, मुसा, खिल, अैजेरु, दम, खोकी, बाथ, मृगौलाको पत्थरी, टाउको दुख्ने, निद्रा नलाग्ने, रुघा लागिरहने, एलर्जी, नाक बन्द हुने, नाकमा मासु पलाउने, पिनास, जोर्नी दुख्ने, युरिक एसीड, थाइराइडको समस्या, स्त्री तथा पुरुषका विभिन्न गुप्तरोगहरु, सुगर, ब्लड प्रेसर, कपाल झर्ने, मोटोपन घटाउने आदि।

**तारा होमियो फार्मेसी** बिर्तामोड, झापा
फोन नं.:- ०२३-५३१२९८, ९८५२६७२३१६

## शुद्ध दूधको स्वस्थ उत्पादन — कोसेली

"सुखद् उत्सव होस वा पारिवारिक समारोहमा कोसेली सधैँ तपाईहरुको साथमा"
दूध तथा दूधबाट बनेका सम्पूर्ण उत्पादनहरु बिर्तामोड एरियामा होम डेलिभरीसहित उपलब्ध छ। साथै क्याटरिङ्ग तथा पार्टी भोजका लागि चाहिने सम्पूर्ण दुग्ध परिकार र मिनी रसवरी पनि उपलब्ध छ।

**कालिका डेरी**, कृषिथोक पूर्वगेट बिर्तामोड, फोन नं.: ०२३-५३४१२९
९८५२६४४१२९, ९८०२३१३२७२

## वैदेशिक रोजगार

के तपाई विदेश जान चाहनुहुन्छ ? यदि भरपर्दो र विश्वासिलो मेनपावरको खोजीमा हुनुहुन्छ भने **खगोल ओभरसिजलाई** सम्झनुहोस्। यहाँबाट विभिन्न देशहरु दुबई, कतार, कुवेत, मलेशिया, साउदी अरबमा डाइरेक्ट कम्पनीमा नेपाली कामदारहरु पठाउने व्यवस्था गरिएको छ।

सम्पर्क: ९८०१४०१३००, ९८०१४२७३०१, ९८०१४२७३०३
बिर्तामोड, झापा

## UAE मा रोजगारीको अवसर

United International Group
७ दिनमा भिषा आउने
कम्पनी: युनाइटेड इन्टरनेशन ग्रुप LT No . 309924
पद : मेसन, कार्पेन्टर, स्टील फिक्चर, हेल्पर

**ASIA LINK SERVICES (P) LTD .**
BRANCH OFFICE : BIRTAMOD, JHAPA
Tel: 023-535072 / 531287
Mob: 9852674809 / 9863714421
9807963795 / 9816015488
email:
asialinkjhapa@gmail.com
phagdhakgroup@gmail.com

## हामीलाई सम्पर्क गर्नुहोस्

सेक्युरिटीमा जागिर खानु परे वा सेक्युरिटी चाहिएमा हामीलाई सम्पर्क गर्नुहोस्। हामी तपाईहरुको आवश्यकता पूरा गर्नेछौं।
*नोट: सिबिल वा रिटायर जुनै भए पनि हुनेछ।*

सेभेन स्टार सेक्युरिटी सर्भिस प्रा. लि.
**SEVEN STAR** SECURITY SERVICE PVT. LTD.
फोन : ०२३-५९१०९५,
मो. ९८०१४१६८४०, ९८०१४१६८४१
मो. ९८०१४१६८४२, ९८०१४१६८४३

## SUNMAI SPRING

'थोपा-थोपामा जीवन छ'
HACCP · ISO 9001:2015 CERTIFIED COMPANY · स्वदेशी
स्वास्थ्य जीवनका लागि सुनमाई पानी पिउने बानी बसालौं।
SUNMAI SPRING
Phone: 530335, 530234
Mob. No. 9801440344

## Ganapati Bakers

Finest Bakery in town
गणपति बेकरीका परिकारहरुका लागि हामीलाई सम्झनुहोस्।
सम्पर्क नम्बर :
बिर्तामोड : ९८१०९४४५७७
काँकरभिट्टा : ९८२०५४४५७७
भद्रपुर : ९८२०१४४५७७

## वैदेशिक रोजगार

अब वैदेशिक रोजगारीका लागि भरपर्दो मेनपावर बिर्तामोडमा
हामीलाई सम्पर्क गर्नुहोस्। बिना झन्झट राम्रो तलब (सेलरी)मा तपाईलाई वैदेशिक रोजगारमा हामी पठाउँछौं।
सम्पर्क :
**GLOBAL RECRUIT EXPERTS**
Branch Office: Birtamode, Jhapa
Near Aduwa Khola Behind Binayak hotel
Birtamode, jhapa, Nepal
Phone No. :
023-590528, 9702959640, 9702959641, 9702959642, 9702959643, 9806004031
email: globalrecruitexperts9@gmail.com

## कार्की ट्याक्सी सर्भिस

दमक-बिर्तामोड-दानाबारी-जितपुर-मंगलबारे दैनिक सेवा रिजर्वको लागि पनि हामीलाई सम्झनुहोस्
छुट्ने समय
दमकबाट : बिहान ६ बजे
बिर्तामोडबाट : बिहान ७ बजे
मंगलबारेबाट : दिउसो १२ बजे
सम्पर्क (चालक)
सन्तोष ९८०६०१८१७४, ९८४०३८७६७५
जीवन कार्की ९८१७९४०१७३
मे १ ज १६७०

## ताप्लेजुङ -पाथीभरा सफल यात्रा

बिर्तामोडबाट फिदिम, ताप्लेजुङ हुँदै पाथीभरा मन्दिरसम्म साथै थेचम्बु, मेमेङसम्मको सफल यात्राका लागि हामीलाई सम्झनुहोस्।
**ताप्लेजुङ पाथीभरा काउन्टर**
मो. : ९८०३२५०४७२, ९८०१३६४०९३

## झापा सेफ्टी ट्यांकी तथा ढल सफाई

सेफ्टी ट्यांकी सफा गर्नु परेमा हामीलाई सम्पर्क गर्नुहोला।
बिर्तामोड सम्पर्क: राजुकुमार श्रेष्ठ ९८५२६४६००५, ९८०६०१०४१०, ९८४२६३४६२, ०२३-५४६००५
दमक सम्पर्क: देवी सिटौला ९८२४९७९१८५, ९८४२७६०२६५, ९८४२३३२४३०
झापामै सबैभन्दा ठूलो भ्याकुम सिस्टमको ट्यांकीबाट सफाई गरिन्छ।

## उच्च गुणस्तर सुलभ मूल्य — सयपत्री बालुवा प्रशोधन उद्योग

यहाँ आधुनिक प्रविधिद्वारा प्रशोधित बालुवा, गिटी आदि निर्माणजन्य सामग्री सुपथ मूल्यमा पाइनुका साथै तुरुन्त डेलिभरी समेत गरिन्छ।
सम्पर्क : ९८६६२४२४६६
Whatsp: ९८४२६५४४००/९८०४९५४४००
अर्जुनधारा नपा- ४, झापा

## घर ढलान गर्नुछ ?

तपाईको सेवामा सधैँ चन्द्र सूर्य आर.एम.सी.
झापा तथा इलाम जिल्लामा घर ढलान, बाटो, पुल-पुलेसाका तथा भौतिक संरचनामा उच्च गुणस्तर कंक्रिट ढलानका लागि आधुनिक रुपमा अनुभवी कामदारबाट काम गर्नुपरेमा सधैँसम्झनुहोस्। **सेवामा २४सैं घण्टा उपलब्ध छौं।**
सम्पर्क : ९८०२३१३२९०, ९८२४०५७७०७, ९८०२३१३२९३

## सेफ्टी ट्यांकी चाहिएमा

अब झापामा सेफ्टी ट्यांकी सफा गर्नु परेमा **राम्रो सेफ्टी ट्यांकी**लाई सम्पर्क गर्नुहोस्। *सस्तो, भरपर्दो, छिटो र छरितो सेवा उपलब्ध छ।*
सम्पर्क: शिवसताक्षी, कन्काई, बिर्तामोड, धुलाबारी, अर्जुनधारा, बुधबारे
**देवराज गिरी**
९८१३६७६६२२/९८४२०७०५८६/९७०६१९६४०६

## बिर्तामोडको कर्मशियल भवन बिक्रीमा

झापाको बिर्तामोड-१ स्थित पश्चिम बस स्टेण्डमा होटल हस्पिटल, कलेज, होटल, मार्ट, पार्टी प्यालेस लगायत सञ्चालन गर्नका लागि उपयुक्त हल मासिक चार लाखभन्दा बढी भाडा उठिरहेको १ कठ्ठा १० धुर जग्गामा बनेको तीन तले कर्मशियल भवन बिक्रीमा रहेको छ। इच्छुकले सिधा सम्पर्क गर्नुहोला।
*दलालले कष्ट नगर्नुहोला।*
सम्पर्क : ९७०७११९५५७
Whatsup: ९८५२६७२९५७

## UPVC झ्याल ढोका

टर्की ब्रान्डका UPVC ओरजिनल झ्याल, ढोका पार्टीसन लगाउनु परेमा हामीलाई सम्झनुहोस्।
**गणपति UPVC झ्याल, ढोका-संसार**
सम्पर्क : बिर्तामोड, चारपाने, सुरुङ्गा, दमक
९८५२६७१४२२, ९८१८२१०६७०

## DRISHTI Eye Care System

TRUSTED BY MORE THAN 1.1 MILLION+ PATIENTS
प्रत्येक दिन आँखाको शल्यक्रिया
१) मोतियाविन्दुको शल्यक्रिया
२) जलविन्दुको शल्यक्रिया
३) आँखाको पर्दा (रेटिना)को शल्यक्रिया
४) आँखाको डेढोपन (छड्के आँखा)को शल्यक्रिया
५) आँखाको नानी प्रत्यारोपण (शल्यक्रिया)
Visit our Website www.drishtieye.org
सबैका लागी दृष्टि सधैका लागी दृष्टि

## आयुर्वेद उपचार

यहाँ पाइल्स, फिस्टुला, फिसरको विशेषज्ञ डाक्टरद्वारा सफल उपचार गरिन्छ। साथै शरीरका सम्पूर्ण रोगहरुको पनि उपचार गरिन्छ।
**सुश्रुत आयुर्वेद अस्पताल प्रा.लि.**
काँकरभिट्टा रोड, बोलबम पेट्रोलपम्पसँगै काली मन्दिर छेउ, बिर्तामोड
सम्पर्क: ९८१८७९३९८६, ९८५२६८८९८६

## आरोग्य मल्टि-स्पेसियलिटी डेन्टल क्लिनिक

१५ वर्षको अनुभवसँग तपाईको सेवामा :
हामीले प्रदान गर्ने सेवाहरू :
- दाँतका सम्पूर्ण समस्याको समाधान
- आर्थोडन्टिक उपचार (braces)
- दाँत सफा गर्ने (Scaling)
- ब्रिज, क्राउन र इम्प्लान्ट (implant)
- बालबालिका दाँत उपचार

निःशुल्क चेक-अप र आर्थोडन्टिक परामर्श लिनुहोस्! तपाईको सेवामा!
हाम्रो स्थानहरू: बिर्तामोडमा हिकोला रोड, फोन नं. ९८६९१८३०४२
शनिश्चरेमा NIC एशिया बैंकको तल फोन नं. ९८१७०५६११८

## अब बिर्तामोडमा डा. पितामबर ठाकुर

MBBS. MD(TU) NMC NO. 1914
मेची अञ्चल अस्पतालका Ex-Superintendent वरिष्ठ फिजिसियन
हरेक दिन बिहान ११:०० देखि १:०० र दिउसो ३:०० देखि ५:०० बजेसम्म
के तपाईलाई तलका मध्ये कुनै समस्या छ ?
पेट सम्बन्धी समस्या, मुटु सम्बन्धी समस्या, राति निद्रा नलाग्ने, छाती दुख्ने, फोक्सो सम्बन्धी समस्या, बाथ, थाईराईड, रक्तचाप, मधुमेह
डाक्टर आउने समय : बिहान ११:०० बजेदेखि ५:०० बजेसम्म
(+977) 9817964771 (+977) 023-590008
THAKUR POLYCLINIC Birtamode-1, Jhapa, Nepal Opposite of Paschim Bus Stand

## विशेषज्ञ डाक्टरहरुको सेवा अब कान्तिपुर मेडिसीन सेन्टर

उपचार हुने रोगहरू :
- उच्च रक्तचाप (Blood pressure)
- सुगर, हर्मोन, थाइराइड विशेषज्ञ
- वरिष्ठ मानसिक रोग विशेषज्ञ
- वरिष्ठ छाला, यौन रोग विशेषज्ञ
- वरिष्ठ बाल रोग विशेषज्ञ
- स्त्री तथा प्रसुति रोग विशेषज्ञ

यहाँ रेबिजबिरुद्धको भ्याक्सीन लगाइन्छ। साथै प्याथोलोजी सेवा पनि उपलब्ध छ।
अदुवा पुल छेउ गणेश पेट्रोल पम्पसँगै बिर्तामोड, झापा (फोन: ०२३-५३२८४५)

## हाडजोर्नी तथा नसाका समस्याहरुको सफल उपचार

पूर्वाञ्चलकै पहिलो तथा एकमात्र फरक चिकित्साको उपचार स्पार्क पूर्वाञ्चल अस्पताल बिर्तामोड झापामा हाडजोर्नी तथा नसाका बिरामीहरुको सफल उपचार।
जाँच तथा उपचार हुने समस्याहरु
- गर्धन, ढाड, कम्मर दुख्ने, डिस्स प्रोल्याप्स, नसा च्यापिएको, हड्डी खिइएको
- बाथ रोग, युरिक एसिड बढेको, आर्थराइटिस, जोर्नी दुख्ने, जोर्नी जाम भएको
- शरीर झमझमाउने, पोल्ने, लाटो हुने, काम्ने,
- प्यारालाइसीस तथा हिंड्न गाह्रो हुने शरीरको एक वा दुबै भाग नचल्ने, मुख बाङ्गिएको बिरामीलाई भर्ना गरी विशेष उपचार गरिन्छ।
- प्लाराइसीस भएका तथा हिंड्न नसक्ने बिरामीका लागि अस्पतालमा भर्ना गरी विशेष उपचार गरिन्छ।

**स्पार्क पूर्वाञ्चल अस्पताल,** कनकाई रोड
नेपाल टेलिकम पूर्व बिर्तामोड, झापा
(फोन : ०२३-५३०१२३, ९८०३१५४६१९, ९८१४०३२६६२, ९७६२९००२८८)